का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ जेठ २०८२,
शुक्रबार
6 June, 2025
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २३, अंक १२४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# पूर्वप्रधानमन्त्री नेपालविरुद्ध भ्रष्टाचार मुद्दा

## साढे १८ करोड बिगो माग

### को-को तानिए ?

- पूर्वमन्त्री प्रेमबहादुर सिंह
- पूर्वमन्त्री स्व. डम्बर श्रेष्ठ र निजका छोरा सन्तोष श्रेष्ठ
- पूर्वसचिव स्व. माधवप्रसाद घिमिरे र निजकी श्रीमती कमला घिमिरे
- तत्कालीन सचिव छविराज पन्त, सहसचिवहरु जीतबहादुर थापा र लालमणि जोशी
- उपसचिवहरू कलानिधी पौडेल, गान्धीप्रसाद सुवेदी, हुपेन्द्रमणि केसी, केशरबहादुर बानिँया, राजाराम थापा, जनार्दन गुरागाईं
- शाखा अधिकृत सिताराम पोखरेल, प्रेमबहादुर देसार
- नायब सुब्बा वुद्धिबहादुर कार्की, केदारनाथ भट्टराई र खरिदार मोहनराम शर्मालगायत

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

राजनीतिक दबाब र प्रभावका कारण नीतिगत र शक्तिशालीको वरिपरि भएका ठूला भ्रष्टाचारमा निरीह देखिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुई पछिल्लो पटक ठूला 'माछा'तर्फ सोभिएको छ । 'साना माछा' मात्रै डामेर ठूलालाई छाड्ने आरोप खेप्दै आएको अख्तियारले ठूला भ्रष्टाचार प्रकरणमा मुछिएका 'हाइप्रोफाइल'लाई मुद्दा चलाउन थालेको हो ।

यसैक्रममा अख्तियारले बिहीबार काभ्रेस्थित पतञ्जली योगलाई हदबन्दीभन्दा बढीको जग्गा सट्टपट्टा गर्न दिने निर्णय गरेका पूर्वप्रधानमन्त्री तथा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, तत्कालीन कानूनमन्त्री प्रेमबहादुर सिंहसहित ९३ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। ठूला भ्रष्टाचारका उजुरीमाथि अनुसन्धान गरी शक्तिशाली राजनीतिक पदाधिकारीदेखि उच्च पदस्थ कर्मचारीसम्मलाई मुद्दा अभियोजन गर्न थालेपछि अख्तियार माथिको विश्वास बढ्ने संकेत देखिएको छ । अख्तियारबाट पतञ्जली योगका नाममा काभ्रेस्थित साँगा, महेन्द्रज्योति, नासिकास्थानमा कम्पनी संचालन गर्न हदबन्दीभन्दा बढी जग्गा खरिद गरेको र सो जग्गा बढी मूल्यमा बेचबिखन तथा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा उच्च पदस्थहरूविरूद्ध मुद्दा दायर भएको विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए ।

यो प्रकरणमा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री नेपालसँग १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो माग भएको छ। त्यस्तै नेपाल नेतृत्वकै सरकारका कानुन तथा न्यायमन्त्री सिंहविरुद्ध पनि १८ करोड ५० लाख रुपैयाँ बिगो माग दाबी गरिएको विशेष अदालतका सूचना अधिकारी रेग्मीले बताए ।

यो प्रकरणमा तत्कालीन प्रधानमन्त्री, कानूनमन्त्री, भूमिसुधार मन्त्रालयका सचिव, उपसचिव, भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक, मालपोत अधिकृत, पतञ्जली योग पीठ तथा >>> पृष्ठ २ मा

## नेकपा एसको आपत्ति

नेकपा (एकीकृत समाजवादी)ले अध्यक्ष नेपालविरुद्ध गलत, भ्रमपूर्ण र योजनाबद्ध तरिकाबाट षड्यन्त्र भएको भन्दै आपत्ति जनाएको छ । आयोगले मुद्दा दायर गरेपछि अध्यक्ष नेपालसहित बसेको पार्टी बैठकले प्रधानमन्त्री केपी ओलीकै संलग्नतामा राजनीतिक प्रतिशोधसहित मुद्दा चलाइएको निष्कर्ष निकालेको उपाध्यक्ष प्रकाश ज्वालाले जानकारी दिए ।

'हामी अदालतबाट क्लिनचिट लिएर गलत, योजनाबद्ध, षड्यन्त्र खारेज गर्ने सन्देश दिनेगरी फर्कन्छौं,' उपाध्यक्ष ज्वालाले भने । साथै, पार्टी पंक्तिलाई कुनै पनि भ्रम नपर्न बैठकले आग्रह गरेको छ । 'हाम्रा नेताहरूका विरुद्धमा >>> पृष्ठ २ मा

## एक–अर्कालाई आरोप

पतञ्जली जग्गा प्रकरणका सन्दर्भमा पूर्वप्रधानमन्त्री नेपाल र तत्कालीन मन्त्री सिंहबीच एक अर्काप्रति आरोप लगाउदै आफू निर्दोष सावित गराउने प्रयास भएको छ । अध्यक्ष नेपालले सरोकारवाला मन्त्री र मुख्यसचिवले कानुनी बाटो देखाएपछि आफू नेतृत्वको सरकारले निर्णय गरेको बयान अख्तियारमा दिएका थिए भने मन्त्रिपरिषद्बाट बेचबिखन गर्न दिने गरी मन्त्रिपरिषद्मा प्रधानमन्त्री नै सहमत भई निर्णय हुँदा मन्त्रीले असहमति जनाउने अवस्था नहुने बताएका थिए ।

'सरोकारवाला मन्त्री र मुख्यसचिवले कानुनी बाटो देखाएपछि निर्णय भएको हुनुपर्छ' नेपालले अख्तियारलाई दिएको बयानमा भनेका छन् । तर, सिंहले १७ चैत्र २०८१ मा आयोगसँगको बयानमा भनेका छन्। 'मन्त्रिपरिषद्बाट बेचबिखन गर्न दिने निर्णय भएको सन्दर्भमा मन्त्रिपरिषद्मा प्रधानमन्त्री सहमत भई कुनै निर्णय हुँदा मन्त्रीले असहमति जनाउने अवस्था नहुँदा यसमा सहमत हुनुको विकल्प थिएन ।' १८ माघ २०६६ मा संसद्को विधेयक समितिबाट बेचबिखन गर्न नपाउने गरी पतञ्जली योगपिठ तथा आयुर्वेद कम्पनी नेपाललाई दरबन्दी छुट दिएको निर्णय >>> पृष्ठ २ मा

# एक सातादेखि संसद् बन्धक

## पछि हटे प्रतिपक्षी

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग गरिरहेको प्रमुख नेकपा (माओवादी केन्द्र)सहित प्रतिपक्ष दलहरू आफ्नो अडानमा कमजोर भएका छन् । सत्तापक्ष नेपाली कांग्रेस र नेकपा (एमाले) गृहमन्त्रीले राजीनामा दिनु नपर्ने अडानमा रहेपछि त्यसको विरुद्ध २ सातादेखि गरिरहेको संघीय संसद् अवरुद्ध गर्दै आइरहको प्रतिपक्षी दलहरूलाई अहिले आफ्नै मुद्दा भारी भएको छ ।

बिहीबार बसको माओवादी केन्द्रको बैठकले संसदको गतिरोध अन्त्य गर्न अधिकतम् प्रयास गर्ने निर्णय गरेपछि पार्टी आफ्नो मुद्दाबाट पछि हटेको संकेत गरेको छ । यद्यपी बिहीबारको संसद् बैठकमा पनि माओवादी केन्द्रसहित प्रतिपक्षी दलहरूले अवरोध गरेको छ । संवैधानिक बाध्यताका कारण १५जेठ बाहेक अवरोध जारी राखेका छन् ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड निवास खुमलटारमा बिहीबार बसेको माओवादी केन्द्रको पदाधिकारी बैठकले भिजिट भिसा प्रकरणलाई दिएर लामो समयदेखि भइरहेको सदनको गतिरोध अन्त्यका >>> पृष्ठ २ मा

## बेपरवाह प्रधानमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ जेठ ।

भिजिट भिसामा विदेश पठाउँदा अपारदर्शीरूपमा आर्थिक लेनदेन हुने गरेको विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उजागर गरिदिएको छ । यसमाथि संलग्न रहेको आशंकामा अख्तियारले सम्बन्धित व्यक्तिको बयान लिइरहँदा संसद्मा गृहमन्त्री रमेश लेखकको राजीनामाको माग उठ्यो । यो विषय उठेपछि संसद् सौहार्द हुन सकिरहेको छैन ।

भिजिट भिसा प्रकरण बाहिर आएपछि यही जेठ १३ गतेयता प्रतिनिधिसभाको बैठक प्रभावित भएको हो । एक सातासम्म संसद् प्रभावित हुँदा प्रधानमन्त्री केपी शर्मा ओली मौन जस्तै छन् । प्रधानमन्त्रीले न संसद्को गतिरोध अन्त्यका लागि प्रतिपक्षी दलसँग संवाद गरेका छन् न सत्तापक्षका बीचमा निकासको उपायबारे छलफल गरेका छन् ।

प्रतिपक्ष आफ्नो अडानबाट पछाडि नहटे अन्तिममा बजेट बहुमतले पारित गर्न सकिने मनसायका साथ प्रधानमन्त्री अगाडि बढेको प्रतिपक्षी दलहरूको आरोप छ। यस्तो आरोप लगाउने प्रतिपक्षी दलहरू उल्टै आफूहरूले उठाएको विषयमा अनुसन्धान गर्ने प्रतिबद्धता सरकारले जनाइदिए पुग्ने भनेर पछाडि हट्ने अवस्थामा पुगेका छन् । नेपाली कांगेसका महामन्त्री गगनकुमार >>> पृष्ठ २ मा

## उज्यालियो वीरेन्द्रनगर

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २२ जेठ ।



कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर बजार रातको समयमा उज्ज्यालो बन्न थालेको छ । विगतका वर्षहरूमा साँझ परेपछि अन्धकार हुने बजार अहिले हाल सोलार बत्तीले उज्यालो भएको हो ।

नगरपालिकाले वातावरणमैत्री, ऊर्जा-दक्ष र सुरक्षित सहर निर्माण गर्ने अभियान अन्तर्गत बजार क्षेत्रमा अत्याधुनिक सोलार बत्ती जडान गरेपछि बजार उज्जयाले भएको हो ।

नगरपालिकाले ४ पुसमा मोरङको बुढीगंगास्थित राजन कन्ट्रक्सन कम्पनीसँग सम्झौता गरेर काम सुरु गरेको थियो । सम्झौता अनुसार करिब ९५ लाख ७६ हजार रुपैयाँको लागतमा वीरेन्द्रनगरको गाँग्रेतालदेखि बसपार्कसम्म १४३ वटा सोलार बत्तीहरू जडान गर्ने जिम्मा कम्पनीलाई दिइएको थियो । तर सम्झौतामा काम सम्पन्न गर्ने म्याद आगामी १५ असारसम्म तोकिएको भए पनि कम्पनीले निर्धारित समयभन्दा अगावै काम सम्पन्न गरेको छ ।

यद्यपि अनुगमन समितिले अनुगमन गर्न बाँकी रहेकाले कम्पनीलाई रकम भुक्तानी दिन ढिलाइ गरिएको छ। प्राविधिक परीक्षण, निरीक्षण र कार्यसम्पादनको मूल्याङ्कनपछि मात्रै भुक्तानी प्रक्रिया अघि बढाइने नगरपालिकाका इन्जिनियर इश्वरी ढकालले बताए । उनका अनुसार सडक किनारामा जडान गरिएका >>> पृष्ठ २ मा

### ५ हजार बल्ब बाँडिँदै

नगरपालिकाले 'उज्यालो सहर' कार्यक्रम अन्तरगत यहाँका १२ वटा वडालाई करिब ५ हजार बल्ब दिने योजना बनाएको छ। नगरप्रमुख ढकालले वडा नम्बर १ देखि वडा नम्बर १२ का विभिन्न चोकहरूमा उज्यालो बनाउनलाई ५ हजार बल्ब दिने योजना बनाएको जानकारी दिइन् । 'हामीले उज्यालो कार्यक्रम अन्तर्गत १ देखि १२ वडाका विभिन्न चोकहरूमा उज्याले होस् भनेर विद्युत् प्राधिकरणसँग सम्झौता गरेर ५ हजार बत्ती दिने तयारी गरेका छौं,' उनले मध्यान्हसँग भनिन् । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## यूएई जाने नेपाली कामदारको न्यूनतम तलब १ हजार दिराम

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा संयुक्त अरब इमिरेट्स (यूएई) जाने नेपाली कामदारको न्यूनतम तलब १ हजार दिराम तोकेको छ । श्रममन्त्री शरतसिंह भण्डारीले बिहीबार यूएई जाने कामदारको न्यूनतम तलब निर्धारण गर्ने निर्णय गरेका हुन् ।

मन्त्री भण्डारीले यूएई जाने कामदारका लागि १ हजार दिराम भन्दा कम तलबको मागपत्र प्रमाणीकरण नहुने बताएका छन् । मन्त्री भण्डारीले यूएईस्थित नेपाली दूतावासको सुझावमा न्यूनतम तलब १ हजार दिराम हुनुपर्ने प्रस्तावलाई परराष्ट्र मन्त्रालय र कानुन मन्त्रालयको सहमतिमा मन्त्रीस्तरिय निर्णय गरिएको बताए ।

यूएई जाने कामदारको हकमा यसअघि ८ सय, १ हजार र १२ सय दिराम तलबको अनुपात लागू थियो। तर अब अदक्ष, अर्धदक्ष र दक्ष कामदारको क्रमशः न्यून्तम १ हजार, १२ सय र १५ सय दिराम तलब निर्धारण गरिएको छ।

मन्त्री भण्डारीले न्यूनतम तलबको निर्णय यूएई जाने नेपाली कामदारहरूको हितमा भएकाले उनीहरूलाई ठूलो राहत हुने बताए । नेपाल सरकारले बजारको अवस्था हेरेर तलब निर्धारण गरेको पनि मन्त्री भण्डारीले बताए ।

वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकको हकहितमा हुने कुनै पनि काम गर्न नेपाल सरकार पछि नहट्ने भन्दै उनीहरूको अधिकार सुनिश्चित गर्न श्रम मन्त्रालय तत्पर रहेको पनि मन्त्री भण्डारीले बताए ।

'विदेशी भूमिमा श्रम गर्न गएका नेपाली श्रमिकको हित हुने काम गर्नु हाम्रो पहिलो शर्त हो,' उनले भने, 'हामी श्रमिकको तलब, स्वास्थ्योपचार र सामाजिक सुरक्षाको पूर्ण प्रत्याभूति गराउन गम्भीरतापूर्वक लागिपरेका छौं ।'

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२३ जेठ २०८२ शुक्रबार
6 June 2025, Friday

**पूर्वप्रधानमन्त्री...**
आयुर्वेद कम्पनी, सो कम्पनीका कर्मचारी, बैंकका कर्मचारी, गुठीसंस्थाका व्यक्तिहरू समेत गरी ९३ जनामाथि मुद्दा दायर भएको रेग्मीले मध्यान्हलाई जानकारी दिए । तत्कालीन कानून मन्त्री सिंह अहिले नेकपा (एमाले)का नेता हुन् । त्यसबेला समाजवादी जनता पार्टीका अध्यक्ष सिंहसहित पार्टीका सबै जनसंगठन ८ चैत २०७८ मा एमालेमा समाहित भएका थिए । सिंह २०७३मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको मन्त्रिपरिषदमा पनि खानेपानी मन्त्री हुँदा खारेज भइसकेको सिंहको पार्टीलाई मन्त्रालय दिएको भन्दै विरोध भएको थियो ।

**छोरा पनि प्रतिवादी**
पतञ्जली जग्गा प्रकरणमा मुद्दा दायर भएका प्रधानमन्त्री र मन्त्रीसँगै कर्मचारीहरूको लामो लिष्ट छ । यो मुद्दामा तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री स्व. डम्बर श्रेष्ठको मृत्यु भइसकेकाले प्रचलित कानुनबमोजिम उनका छोरा सन्तोष श्रेष्ठलाई बिगो असुल उपर गर्ने प्रयोजनका लागि प्रतिवादी बनाइएको छ । उनीविरुद्ध समेत १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो माग भएको छ । साथै उनलाई १० वर्षदेखि १४ वर्षसम्म कैद सजायको माग गरिएको छ । बिगो बमोजिम जरिवाना र उक्त बिगो असुल गरेर पनि प्रधानमन्त्री भएकाले उनलाई थप तीन वर्षसम्मको कैद सजाय अख्तियारले माग गरेको हो । यसअघि १ जेठमा आयोगले टेरामक्स खरिद प्रकरणमा पूर्वसञ्चारमन्त्री मोहन बस्नेतविरूद्ध क्षेत्राधिकार बाहिर गई एकल निर्णय गरेको दाबीसहित मुद्दा दायर गरेको थियो । बस्नेतसहित १६ जना व्यक्ति र दुई कम्पनीविरुद्ध दर्ता भएको भ्रष्टाचार मुद्दाको अदालती प्रक्रिया अघि बढेको विशेष अदालतले जनाएको छ ।

**नेकपा...**
पहिलेदेखि नै प्रहार हुँदै आएको थियो । त्यस्ता षड्यन्त्र परास्त गर्दै आयौं । आज फेरि अध्यक्ष कमरेडविरुद्ध मुद्दा दायर गरेर अर्को एउटा षड्यन्त्र, राजनीतिक प्रतिशोधसहित गरिएको छ । हामी यो कुराको प्रतिवाद र भण्डाफोर गर्छौं ।'

**एक...**
भएको उनले बताएका छन् । बयानमा सिंहले भनेका थिए, 'समितिमा हदबन्दी छुटको जग्गा बिक्री वितरण गर्न नपाउने र जुन प्रयोजनका लागि खरिद गरिएको हो सोभन्दा अन्य प्रयोजनमा प्रयोग गर्न नपाउने छलफल भई सर्वसम्मत निर्णय भएकोमा त्यसै वर्ष ६ चैतमा मन्त्रिपरिषद्ले सट्टापट्टाको निर्णय गरी पठाएको हो ।' त्यस्तै तत्कालीन भूमिसुधार सचिव छविराज पन्तले तत्कालीन प्रधानमन्त्री नेपाल र मुख्यसचिव माधवप्रसाद घिमिरेको दबाबमा आफूले प्रस्ताव अघि बढाएको दाबी गरेका छन् । पटकपटक प्रधानमन्त्री, मन्त्री एवं मुख्यसचिवबाट दबाब आउने गरेको भन्दै उनले बयानमा भनेका छन्, 'मन्त्री, मुख्यसचिव र प्रधानमन्त्रीबाट तारन्तारको दबाबका कारणले कार्यनीति परिमार्जनकै स्थितिमा भए पनि उक्त प्रस्ताव पठाउनका लागि मन्त्रीसमक्ष टिप्पणी पेस गरिएको र टिप्पणीबाट निर्णय भए अनुसार प्रस्ताव गएको हो । मन्त्रिपरिषद्कै मुखिया प्रधानमन्त्री र विभागीय मन्त्रीबाट निर्देशन भएको स्थितिमा सचिवले रोक्नसक्ने स्थिति पनि हुन्न ।'

**पछि...**
लागि जिम्मेवार प्रतिपक्षीको हैसियतले अधिकतम् पहल गर्ने निर्णय गरेको हो । भिजिट भिसा प्रकरणमा गृहमन्त्री लेखकको राजीनामालाई 'बटमलाइन' बनाएका माओवादी केन्द्र आफ्नै मागबाट पछाडि फर्कने स्थितिमा पुगेका हुन् ।

गृहमन्त्रीको राजीनामासँगै त्यसप्रकरणमा छानबिन समितिको माग पनि माओवादी केन्द्रले उठाएको छ । तर दुवै मागबाट पार्टी नरम बन्न थालेका छन् । राजीनामाको मागबाट विपक्षीहरू अहिलेसम्म अध्यागमनमा भएका विकृति तथा अनियमितताको छानबिन गर्नुपर्नेतर्फ सोभिएका छन् ।

रक्षात्मक बन्दै

विदेश जानेसँग गृहमन्त्रीले दिनकै ५० लाखसम्म खाएको भन्दै विपक्षीले मानव तस्करी गरेकोसम्मका आरोप लगाएका छन् । तर, यो प्रकरणमा गृहमन्त्री लेखकविरुद्ध उजुरी पर्ने, तथ्य र प्रमाणसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्ने कुनै प्रक्रिया अगाडि बढाएको छैन । आफूमाथि जबर्जस्ती प्रश्न उठेलगत्तै गृहमन्त्री लेखकले १३ जेठमा संसद्मा बोल्न खोजेका थिए । तर विपक्षीले संसद् अवरोध गरेपछि १४ जेठमा लेखकले मन्त्रालयमा पत्रकार सम्मेलन गरेर स्पष्टीकरण दिँदै आफूविरुद्ध कुनै उजुरी, तथ्य, प्रमाणसहित अनुसन्धान नै नभएको प्रस्ट् पारेका थिए ।

अख्तियारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईलगायत कर्मचारीविरुद्ध मात्रै छानबिन गरिरहेको छ । अख्तियारले गृहमन्त्री लेखकविरुद्ध कुनै मुद्दा दायर गरेको छैन ।

अख्तियारले विमानस्थल अध्यागमन कार्यालयका प्रमुख भट्टराईलाई एक दिन नियन्त्रणमा लिएर छाडेको छ । ८ जेठमा प्रारम्भिक सोधपुछपछि सामान्य बयानका लागि १९ जेठमा भट्टराईलाई बोलाएको थियो । अब फेरि २५ जेठमा बयानका लागि बोलाइएको छ । भट्टराईले प्रयोग गरेका मोबाइल, ल्यापटपसहितका उपकरणको अनुसन्धान अख्तियारले गरिरहेको छ ।गृहमन्त्री लेखकको हतारमा राजीनामा माग र पछि उच्चस्तरीय समितिको माग गरेका माओवादी केन्द्रसहित प्रतिपक्षी दलहरू विस्तारै रक्षात्मक बन्न थालेका छन् ।

माओवादी केन्द्रका नेताहरू पनि गृहमन्त्रीलाई अहिले नै दोषी नभनेको बताउँछन् ।

सरकारले आफूहरूको माग सुजवाइ नगरेको र संसद् अवरोध गर्दा पनि सरकारमाथि दबाब नपरेको महसुस गर्दै माओवादी केन्द्रले सरकारसँग मध्यमार्गी प्रस्ताव अघि सारेको छ । २०६४ यताका सबै गृहमन्त्रीको कार्यकाल छानबिन गर्नको लागि उच्चस्तरीय आयोग वा समिति बनाउनुपर्ने प्रस्ताव माओवादीको छ ।

श्रम ऐन लागू भएयता हालसम्म १५ गृहमन्त्री बनेका छन् । तर, यो प्रस्तावमा सरकार तयार नहुँदा सदनको गाँठो फुक्न सकेको छैन ।

आफूहरूको यो प्रस्ताव सरकारले स्वीकार गरेर छानबिन समितिको टिओआरसहित सरकार आए गृहमन्त्रीलाई सदनमा बोल्न दिन विपक्षी दल तयार भएका थिए । तर सत्तापक्षले नै आफ्नो अडान नछाडेपछि माओवादी केन्द्र थप अप्ठ्यारोमा परेको छ ।

**बेपरवाह...**
थापाका अनुसार यो विषय अख्तियारले उठाएको हो, संसदमा वा सडकमा उठेको होइन । यसकारण अख्तियारले अनुसन्धान सकाएपछि २०६४ सालयता भिजिट भिसाका नाममा भएका अनियमितताको अनुसन्धान गर्ने गरी सरकारले प्रतिबद्धता जनाउने र अगाडि बढ्ने विकल्पमा छलफल भइरहेको छ । यो विकल्प पनि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीको संवादबाट अगाडि बढेको नेताहरू बताउँछन् ।

संसद् सहज हुँदा जनताका विषय उठ्छन् । बजेटमाथिको छलफलको तालिका बनेको छ । संसद्मा बजेटमाथि छलफल हुनुपर्ने छ । छलफलमा सांसदले राखेका धारणा समेतलाई ख्याल गरेर सरकारले बजेट पास गरेर कार्यान्वयनमा लैजानुपर्ने हुन्छ । तर, जनताका प्रतिनिधि सांसदहरूको राय लिने बेला संसद् एक सातादेखि बन्धक छ । यति लामो समयदेखि संसद् बन्धक हुँदा पनि प्रधानमन्त्री ओली बेपरवाहरूपमा हिँडिरहेका छन् । उनी संसद् नचलेको थाहै नपाए जस्तो गरिरहेका छन् ।

**उज्यालियो ....**
सोलार बत्तीहरू पूर्ण रूपमा स्वचालित प्रणालीमा आधारित छन् । 'यी बत्तीहरू वातावरणमा आधारित सेन्सर प्रविधिबाट सुसज्जित छन्' इन्जिनियर ढकालले भने, 'जसले गर्दा राति अँध्यारो भए लगत्तै आफै बल्ने र बिहान उज्यालो भएपछि आफै निभ्ने गर्छन् ।' उनले थपे, 'बत्तीहरू आधुनिक प्रविधिमा आधारित भएकाले नियमित मर्मत सम्भारको आवश्यकता पनि न्यून हुन्छ ।'

उनले सोलार प्रणालीमा आधारित भएकाले विद्युत् खपत पनि नहुने र यसले दीर्घकालीन रूपमा लागत घटाउने बताए । सोलार बत्तीको जडानपछि वीरेन्द्रनगरका स्थानीय बासिन्दा र व्यवसायीहरू पनि निकै खुसी देखिन्छन् । अघिल्लो वर्षसम्म साँझ पर्नासाथ अँध्यारो हुने बजार क्षेत्रमा हिँडडुल गर्न कठिन हुने गरेको स्थानीयको गुनासो थियो । तर अहिले भने त्यही ठाउँमा रातको समयमा सहज रूपमा हिँड्न सकिने अवस्था आएको छ । वीरेन्द्रनगर-१२ बस्ने जमुना थापाले सोलार बत्ती राखिएपछि महिलाहरूलाई रातको समयमा हिँडडुल गर्न सहज भएको बताइन् । उनले यहाँ चोरीका घटना धेरै हुने भएकाले सिसी क्यामेरा राखिनु पर्ने बताइन् ।

बत्ती जडानले ट्राफिक व्यवस्थापनमा पनि सहजता ल्याएको जिल्ला ट्राफिक प्रहरी कार्यालयको भनाइ छ । बत्तीको उज्यालोले दुर्घटना न्यून हुने, पैदल यात्रुहरूको सुरक्षामा सुधार आउने र बजार क्षेत्रको निगरानीमा समेत सहयोग पुग्ने गरेको प्रहरीको भनाइ छ । सोलार बत्ती जडान गरिएको क्षेत्रमा अब सिसी क्यामेरा जडान गर्ने, सडकको मर्मत सम्भार गर्ने र सार्वजनिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर अघि बढाउने योजना रहेको नगरपालिकाका नगर प्रमुख मोहनमाया ढकालले बताइन् । उनले रातिको समयमा पनि राजमार्ग उज्यालो देखियोस् भनेर बत्ती जडान गरेको जानकारी दिइन् ।

**५ हजार...**
वीरेन्द्रनगर बजारमा सोलार बत्तीको उज्यालोले नगरबासीको जीवनशैलीमा सकारात्मक प्रभाव पार्ने उद्देश्यले पनि नगरपालिकाले बत्ती दिने योजना बनाएको हो । प्रविधिले नगरपालिकालाई दीर्घकालीन लाभ दिने विश्वास नगरपालिकाको छ । यस्तै मंगलगढी चोकदेखि काँक्रेविहार जोड्ने सडकमा पनि बत्ती जडानको लागि नगरपालिकाले टेण्डर आह्वान गरेको नगरप्रमुख ढकालले बताइन् ।

यस्तै नगरपालिकाले करिब ३०० सिसिटिभी क्यामेरा समेत जोड्ने तयारी थालेको छ । नगरप्रमुख ढकालले उपत्यकाका विभिन्न वडाहरूको चोकहरूमा सुरक्षालाई ध्यानमा राखेर करिब ३०० क्यामेरा जडान गर्न लागेको जानकारी दिइन् । 'उपत्यकाका विभिन्न चोकहरूमा चोरी लगायतका घटनाहरू बढ्दे गएका छन् । यसलाई समाधान गर्न हामीले यसै वर्ष नयाँ ३०० क्यामेरा जडान गर्ने गरी अगाडि बढेका छौं,' उनले भनिन्, 'पहिले बिग्रेकालाई पनि अब नगरपालिकाले छिट्टै मर्मत गर्छ ।' उनले नगरपालिकाले आवश्यक रकम छुट्याएर नेपाल टेलिकमसँग समन्वय गरी नयाँ क्यामेरा जडान गर्ने र पुरानोलाई मर्मत गर्ने बताइन् ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/११/२४ मा दर्ता भएको **प्रा.लि.नं. ११०४४७/०६९/०७०** को **पार्वती पो लिक्लिनिक** को मिति २०८२/०२/२२ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४**
**त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/११/०६ मा दर्ता भएको **प्रा. लि. नं. १४५४३२** को **सर्वप्रथम इन्भेष्टमेन्ट प्रा.लि.** को मिति २०८२/०१/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०३/२९ मा दर्ता भएको **प्रा.लि. नं. १७०८०५/०७३/०७४** को **सुनसरी कृषि फार्म** को मिति २०८२/०२/२२ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४**
**त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

## कालिञ्चोक हाईड्रोपावर लिमिटेड
का.म.न.पा. ३, रानीवारी, काठमाडौं

**विशेष साधारणसभा बस्ने बारेको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/२३**

**शेयरधनी महानुभावहरु,**
यस कम्पनीको मिति २०८२।०२।१३ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान र समयमा संचालन हुने भएकोहँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारणसभा बस्ने मिति, स्थान र समय**
**मिति** : २०८२।०२।३० गते, शुक्रबार ।
**स्थान** : कम्पनीको कार्यालय, का.म.न.पा. ३, रानीवारी, काठमाडौं ।
**समय** : बिहान ११ बजे ।

**विशेष साधारण सभामा पेश गरिने विशेष प्रस्तावहरु :**
१. प्रवन्धपत्र नियमावली शंशोधन सम्बन्धमा ।
२. विविध ।

**UAE मा रोजगार**

कम्पनीः aluminium & light ind co. alico.llc शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/१८ चलानी नं.: ६०२३०६९० L.T. No.: 316431 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CARPENTER/ CONSTRUCTION CARPENTER | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | GLAZIER | 4 | 0 | | 1200 | ४४,८०८ | | | | | | | |
| 3. | METAL SHEET WORKER | 2 | 0 | | 1200 | ४४,८०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ जेठ ३० गते (13 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**MAURITIUS मा रोजगार**

कम्पनीः NOTARY-TAYELAMAY AND SONS ENTERPRISE LTD शहरः MAURITIUS
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ चलानी नं.: ६०२३९१९७ LT. No.:325305

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 78 | 0 | स. काममा दक्ष | 22300 | ६७,३४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steal Fixer | 40 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 3. | Exavetor Operator | 10 | 0 | | 25000 | ७५,५०० | | | | | | | |
| 4. | Truck Driver / Heavy Driver | 10 | 0 | | 25000 | ७५,५०० | | | | | | | |
| 5. | Aluminium Fitter/fabricator | 8 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 6. | Cook General | 5 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 7. | Welder General | 5 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 8. | Tile Masons | 20 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 9. | Masons (Ordinary) | 118 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 10. | False Ceiling/partion Fixer | 5 | 0 | | 22300 | ६७,३४६ | | | | | | | |
| 11. | Alumunium Technician | 1 | 0 | | 30000 | ९०,६०० | | | | | | | |

प्रि अन्तर्वार्ता पि.आई.टी ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ जेठ २७ गते (10 June 2025) मा हुनेछ ।
प्रि अन्तर्वार्ता भिजन ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ जेठ २८ गते (11 June 2025) मा हुनेछ ।
प्रि अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर इटहरीमा २०८२ जेठ २९ गते (12 June 2025) मा हुनेछ ।
फाइनल अन्तर्वार्ता झापा प्राविधिक प्रशिक्षण (तालिम) केन्द्र बिर्तामोड झापामा २०८२ जेठ ३० गते (13 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १ गते (15 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.R. International Employment Services Pvt. Ltd.
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 98080180842, 98680059653, 98231022214, 9819009342, 981493404, 9808750742
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

# कर्जन्हा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**कर्जन्हा, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**चट्याङ प्राकृतिक प्रकोप हो । यसलाई रोक्न सकिदैन । तर सावधानी अपनाउने हो भने चट्याङबाट हुनसक्ने क्षति कम गर्न सकिन्छ ।**

१. आकाशमा बिजुली चम्केर गड्याङगुडुङ गर्न थालेपछि घरभित्र गइहालौं ।
२. रूख वा बिजुलीको पोलमुनि कहिल्यै नबसौं । छाता नओढौं ।
३. पौडी खेल्ने, डुङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं ।
४. घरभित्र हुनुहन्छ भने तारवाला फोनको प्रयोग नगरौं ।
५. टिभी र कम्प्युटरजस्ता विद्युतीय उपकरण नचलाऔं । बरू प्लगबाट छुट्याइदिऔं ।
६. झ्याल भयाङ तथा बरण्डाको ग्रील र बार नछोऔं ।
७. बाथरुमभित्र नुहाउने, कपडा धुने, भाँडा माझ्ने काम नगरौं ।
८. चट्याङ प्रभावित व्यक्तिको शरीरमा विद्युतीय झड्का रहँदैन त्यसैले यस्ता व्यक्तिलाई हुँदा कुनै असर पर्दैन ।
९. वर्षाको चट्याङ केही समय मात्र हुने भएकाले बाहिर पर्नुभयो भने पर्खनु राम्रो हुन्छ ।
१०. चट्याङ पर्दा खुल्ला ठाउँमा भुइँमा पल्टिनु बढी सुरक्षित हुन्छ ।
११. दुवै हातलाई टाउको माथि राखी निहुरिएर कुर्कुचो जोडेर थुचुक्क बसौं ।
१२. आकाशमा बादल तीव्रताका साथ गर्जिरहेको छ भने पक्की भवनमा आश्रय लिनुपर्छ ।
१३. कुनै व्यक्ति चट्याङले प्रभावित भए तुरुन्त अस्पताल लैजाऔं ।
१४. यस्तो बेलामा खुल्ला चौर, खुल्ला संरचनामा जानु हुँदैन ।
१५. चट्याङ पर्न लाग्दा सुरक्षित स्थानमा आश्रय लिनु पर्दछ ।

**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
# Infrastructure Development Office
**Okhaldhunga, Koshi Province, Nepal**

## Invitation for Electronic Bids

**Date of Publication: 2082-02-23(6th June, 2025)**

1. Province Government, Ministry of Physical Infrastructure Development, Transport Infrastructure Directorate, Infrastructure Development Office, Okhaldhunga, Koshi Province, Nepal invites bids from eligible bidders for following works:

| S.N | Contract ID | Description and Location of Work | Estimated Amount with VAT& PS (NRs.) | Key Qualification Requirement | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-SSTB-36-2081/082 | Construction of Nala Short Span Trail Bridge, Khumbu Pasanglhamu Rural Municipality-04, Solukhumbu | 1,27,60,770.52 | Minimum Average Annual Construction **Turnover** of the best 3 years within the last 10 years: NRs.1,00,00,000.00<br>**Experience :** At least One (1) Contract of Short Span Trail Bridge(SSTB) within the last ten (10) years, with a value of at least NRs.55,00,000.00 with VAT that have been successfully or are substantially completed. | 3,50,000.00 (2025-11-04) | 3000.00 |

2. Submission and Opening of Bids:

| Last Date of Submission of Bid: Date | Last Date of Submission of Bid: Time | Opening of Bid: Date | Opening of Bid: Time | |
|---|---|---|---|---|
| 2082-03-22 (2025/07/06) | Before 12:00 noon | 2082-03-22 (2025/07/06) | 13:00pm | Bidders download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. In e-bidding,<br>Pre-bid meeting shall be held at the office on 2082/03/08 (22th June, 2025) at 13:00 hours. |

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh Lekha Ikai Karyalaya, Okhaldhunga. | Rastriya Banijya Bank. | Okhaldhunga. | 2070100202030000 (Dharauti) | Office Code: 3370110011 |
| Infrastructure Development Office, Okhaldhunga. | Rastriya Banijya Bank. | Okhaldhunga. | 1000100200010000 (Rajaswa) | 14229 (Revenue) |

4. If the last date of Bid submission and opening falls on a government holiday then the next working day shall be considered at last day.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**

# मधेश प्रदेश योजना खरिद–बिक्री प्रकरणमा संसदीय छानबिन विशेष समिति गठन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ

मधेश प्रदेश सरकारका मन्त्रीहरूकै संलनतामा योजना खरिद-बिक्री भएको प्रकरणमा संसदीय छानविन विशेष समिति गठन भएको छ। विकास योजना र अनुदानहरूमा अनियमितता छानविन गर्न मधेश प्रदेश सभाले बिहीबार संसदीय छानबिन विशेष समिति गठन गरेको हो । प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ को नियम १५२ बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलको सहभागितामा विशेष समिति गठन गरिएको हो । छानविन समितिमा नेकपा एमालेबाट केशव राय, नेपाली कांग्रेसबाट कुमारकान्त झा र जनता समाजवादी पार्टी (जसपा) नेपालबाट किरणकुमारी छन् । त्यस्तै, जनमत पार्टीबाट शम्भुकुमार साह, नेकपा (माओवादी केन्द्र)बाट रहबर अन्सारी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट रमिता प्रधान, नेकपा (एकीकृत समाजवादी)बाट कनिष पटेल, नागरिक उन्मुक्ति पार्टीबाट उर्मिला देवी सिंह, राप्रपाबाट कञ्चन विच्छा र नेपाल समाजवादी पार्टीबाट विमला अन्सारी छन् ।




प्रतिपक्षी दलहरूले चालु आर्थिक वर्षका योजनामा मधेश सरकारले अनियमितता गरेको आरोप लगाउँदै आएका छन् ।

**खास विवाद के हो ?**

चालु आर्थिक वर्ष २०८१/०८२का लागि प्रदेश सरकारले ल्याएको बजेटका योजनाहरू मन्त्रीहरूबाटै बेचिएको आरोप विपक्षीको छ। योजनाहरू बेच्दा मन्त्रीहरूले सचिवालयमार्फत दलाल खडा गरेको र दलालले १० प्रतिशत कमिसन लिने गरेको आरोप विपक्षीहरूले लगाउँदै आएका छन् ।

बजेट प्रस्तुतसँगै विपक्षी दलहरूले निरन्तर छानबिन हुनुपर्ने माग राख्दै आएका थिए । जसको कारण पटक-पटक सदनका बैठक अवरुद्ध भएको थियो। लामो अवरोधपछि गत चैतमा सभामुख रामचन्द्र मण्डलले छानबिन समिति गठनका लागि रुलिङ गरेका थिए । मण्डलले रुलिङ गरेको झण्डै २ महिनापछि समिति गठन भएको हो ।

# नेपाल चाइल्डहुड क्यान्सर एलायन्सद्वारा छात्रवृत्ति सुरुवात

**काठमाडौं/मस**-सन् २०२५ जुन १ मा, नेपाल चाइल्डहुड क्यान्सर एलायन्सले इन्टरनेशनल क्यान्सर सर्भाइभर डे को अवसरमा बाल क्यान्सरबाट बाँच्न सफल भएका १४ जना किशोर किशोरीहरूलाई कुल ६ लाख नेपाली रुपैयाँ बराबरको शैक्षिक छात्रवृत्ति प्रदान गरेको छ।

यो कार्यक्रम रमेश गुप्ता स्मृति प्रतिष्ठान, टुगेदर अगेंस्ट चाइल्डहुड क्यान्सर, लियोनार्डो एड्वार्ड श्रेष्ठ फाउन्डेसन, तथा वर्ल्ड चाइल्ड क्यान्सरको सहकार्यमा सुरु गरिएको हो । यो कार्यक्रमले क्यान्सरबाट बाँच्न सफल बालबालिका, उनीहरूको परिवार, डाक्टरहरू, नर्सहरू र प्रमुख सरोकारवाला पक्षहरूलाई छात्रवृत्ति वितरणमा सहभागि हुने अवसर प्रदान गरेको थियो ।

कार्यक्रममा क्यान्सरबाट बाँच्न सफल बालबालिकाहरुले आफ्नो साहस र आशाले भरिएका प्रेरणादायी कथाहरू सुनाएका थिए । कार्यक्रमका प्रमुख वक्ता डा.विश्वनाथ अधिकारी, कान्ति बाल अस्पतालका बाल क्यान्सर विशेषज्ञले उपचारपछिको निरन्तर निगरानीको महत्वमा जोड दिँदै नियमित फलोअप क्यान्सरमुक्त भविष्यका लागि अनिवार्य रहेको बताए ।

त्यस्तै, टुगेदर अगेंस्ट चाइल्डहुड क्यान्सरका अध्यक्ष विशप जोशीले शिक्षा बाल क्यान्सरबाट बाँचन सफल बालबालिकाहरूका लागि जीवन परिवर्तनकारी हुने र शिक्षाले उनीहरूलाई सशक्त बनाउनुका साथै समाजलाई क्यान्सरसँग जोडिएको कलंक हटाउन सहयोग पुर्‍याउने बताए ।

कान्ति बाल अस्पतालको बाल क्यान्सर वार्डकी नर्सिङ इन्चार्ज रमा पराजुलीले भावनात्मक साहसको कुरा गर्दै बालबालिकाको उपचारमा आमाबाबुको साहसिक भूमिका अत्यन्तै महत्वपूर्ण रहने बताइन् ।

रमेश गुप्ता स्मृति प्रतिष्ठानका कार्यक्रम प्रमुख भावनाथ झाले दिर्घकालीन स्रोत र लगानीको आवश्यकता औंल्याउँदै भन्नुभयो हामी सबैको साझा लक्ष्य भनेको उपचार र जीवन पुनःनिर्माणमा रहेका परिवारहरूलाई समग्र रूपमा साथ दिनु रहेको बताए ।

छात्रवृत्ति प्राप्त सदिक्षा तामाङकी आमा हरिमाया तामाङले भनिन्,'छोरीलाई क्यान्सर भएको खबरले म विचलित भएँ, आर्थिक बोझ कसरी थेग्ने भन्ने थाहा थिएन ।

# सर्लाहीमा कांग्रेस नेतामाथि शृंखलाबद्ध आक्रमण, प्रहरी प्रशासन मौन



**काठमाडौं/मस**-सर्लाहीमा कांग्रेस नेतामाथि शृंखलाबद्ध आक्रमण भइरहेको छ । कांग्रेस मधेश प्रदेशका उपसभापति एवं प्रदेश संसदीय दलका उपनेता वीरेन्द्रप्रसाद सिंह आक्रमणकारीको निशानमा परेका हुन् ।

उपनेता सिंहसहित सर्लाही रामनगर गाउँगालिकाका अध्यक्षका प्रत्याशी हरिनन्दन प्रसाद यादवलगायतमाथि पनि आक्रमणकारीको निशानामा परेका छन् ।

नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति चन्द्रशेखर कुमार यादवले बुधबार विज्ञप्ति जारी गर्दै कांग्रेस नेताहरूमाथि निरन्तर भइरहेको आक्रमणको विरोध गरेका छन् । उनले एक विज्ञप्ति जारी गर्दै कांग्रेस नेताहरूमाथि निरन्तर आक्रमण हुँदा पनि प्रहरी प्रशासन मौन बसेको आरोप लगाए ।

उनले विज्ञप्तिमा भनेका छन् 'कांग्रेस नेता तथा कार्यकर्तालाई लक्षित गरी राजनीतिक प्रतिशोध साध्नका लागि पछिल्लो केहीदिन यतादेखि अपराधी प्रवित्तिका व्यक्तिहरूले कुटपिट, तोडफोड तथा ज्यान लिने सम्मको काम गर्दै आइरहेको घटनाप्रति घोर निन्दा एवं भर्त्सना गर्दछु ।' उनले अपराधी समूहहरूले शृंखलाबद्ध रुपमा नेपाली कांग्रेसका नेता र कार्यकर्तामाथि ज्यान लिने सम्मको आक्रमण गर्ने गरेको घटनाले चिन्तित बनाएको बताए ।

नेता तथा कार्यकर्तामाथि पटक-पटक भइरहेको सांघातिक आक्रमण सह्य नहुने र तत्काल स्थानीय प्रशासनले अपराधीहरूलाई कारबाहीको दायरामा नल्याए नेपाली कांग्रेस सर्लाही शान्ति सुरक्षा कायम गराउन तथा न्याय स्थापित गराउन कडाभन्दा कडा आन्दोलनका कार्यक्रमहरू तय गरी अगाडि बढ्ने र त्यसको सम्पूर्ण जिम्मेवारी स्थानीय प्रशासनले लिनुपर्ने व्यहोरा जानकारी गराइन्छ,'विज्ञप्तिमा भनिएको छ ।

नेता तथा कार्यकर्तामाथि भइरहेको शृंखलाबद्ध आक्रमण असह्य हुने भन्दै सर्लाही कांग्रेसले आन्दोलनको चेतावनीसमेत दिएको छ ।दोषीलाई कारबाहीको दायरामा ल्याई आम जनतालाई त्रासमुक्त बनाउन, शान्ति सुरक्षा र सुशासनको प्रत्याभूति दिलाउन सरकारसँग जोडदार माग गरेको नेपाली कांग्रेस मधेश प्रदेश सूचना तथा संचार विभागका सचिव निकेश त्रिपाठीले जानकारी दिए । यो विषयमा गृहमन्त्री रमेश लेखकको समेत ध्यानाकर्षण गराइएको छ ।

# करको दायरा बढाउन अन्तरक्रिया

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २२ जेठ

रौतहटको फतुवा बिजयपुर नगरपालिकामा राजस्व सुधार कार्य योजना सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नगरपालिकाको आयोजना तथा हलेशी रिसर्च एण्ड कन्सल्टेन्सी ललितपुरको सहयोगमा नगरपालिकामा एकदिने राजस्व सुधार कार्य योजना पालिका स्तरीय अन्तरक्रिया कार्यक्रम गरिएको हो।

फतुवा बिजयपुर नगर क्षेत्रभित्र आन्तरिक आम्दानी अभिवृद्धि गर्दै स्थानीय सरकारलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनु कार्यक्रमको उद्देश्य रहेको हलेशी रिसर्च एण्ड कन्सल्टेन्सी ललितपुरका वरिष्ठ सहजकर्ता प्रकाश पौडेलले बताए।




करको दरमा मात्र वृद्धि गर्नुको सट्टा करको दायरा विस्तार गर्नु आवश्यक रहेको उल्लेख गर्दै, नगरभित्रका सबै उद्योगी, व्यवसायी तथा करदाताहरूलाई करको दायरामा ल्याउन नगरपालिकाको पहल जारी रहने प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवले बताए । अधिकृत यादवले कर सम्बन्धमा व्यवसायीहरू अझै पनि अनविज्ञ रहेको भन्दै त्यस्तो अवस्था अन्त्य गर्नका लागि अन्तरक्रिया कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे ।उनले कर संकलनमा सुधार ल्याउन यस्ता कार्यक्रम निरन्तर आवश्यक रहेको बताए ।

त्यस्तै पूर्व प्रशासकीय अधिकृत एवम् स्वास्थ शाखा प्रमुख प्रमोद गुप्ताले 'राजस्वमा दर होइन, दायरा बढाऔं'भन्ने नारा अघि सार्दै बजार अनुगमनलाई नियमितरूपमा प्रभावकारी ढंगले संचालन गर्नुपर्ने सुझाव दिए। प्रशासन प्रमुख उपेन्द्र साहले करको दायरा विस्तारका लागि सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको भन्दै वन, शिक्षा तथा वित्तीय संस्थाहरूलाई समेत राजस्व प्रणालीमा समेट्नुपर्ने धारणा राखे। रोजगार शाखा प्रमुख सुधीर कुमार यादवले नदीजन्य पदार्थ उत्खनन् गर्न नपाएकाले पनि राजस्व कम आएको र आन्तरिक आम्दानी कमजोर अवस्थामा पुगेको उल्लेख गरे।

नगरपालिकामा आवश्यक नीति र कार्यविधि नबन्दा अन्य स्रोतबाट राजस्व संकलन गर्न नसकिएको भन्दै इन्जिनियर मोहम्मद फिरोज आलमले आगामी दिनमा प्रक्रियागत ढंगबाट करको दायरा बढाउने र आन्तरिक आम्दानीमा वृद्धि गरिने बताए । कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि, स्थानीय व्यवसायी, वित्तीय संस्थाका प्रतिनिधि, विषयगत शाखाका कर्मचारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको पालिकाको सूचना अधिकारी हंसराज यादवले बताए।


## यूएईमा रोजगारको अवसर

कम्पनी : INTERNATIONAL TRADING FRANCHAISES LLC
शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ चलानी नं.: ६०२३९१८८ L.T. No.: 325207

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 20 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७४,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Supervisor | 15 | 0 | | 2500 | ९३,३५० | | | | | | | |
| 3. | Waiter | 15 | 0 | | 2000 | ७४,६८० | | | | | | | |
| 4. | Waitress | 0 | 15 | | 2000 | ७४,६८० | | | | | | | |

कम्पनी : SUPER CONTROL SECURITY SERVICES
शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ चलानी नं.: ६०२३९१९९ L.T. No.: 325204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (MALE) | 15 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,६०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 5 | | 900 | ३३,६०६ | | | | | | | |
| 3. | Life Guard | 6 | 0 | | 1400 | ५२,२७६ | | | | | | | |
| 4. | Security Guard | 30 | 5 | | 1200 | ४४,८०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३० गते (13 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np



## साउदीमा रोजगार

कम्पनीः BUILDING CONSTRUCTION COMPANY LTD शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ चलानी नं.: ६०२३९१९० LT. No.:325273

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 8 | 0 | स. काममा दक्ष | 1800 | ६५,८२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३० गते (13 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Nepal HR Solution Pvt. Ltd.** श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554, Email :- snepalhr@gmail.com



**VACANCY ANNOUNCEMENT**

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**Documentation - 3 (Male/Female)**
**Receptionist - 3 (Female)**
**Operation Manager - 1 (Male)**

तलब आपसी समझदारीमा तय गरिनेछ ।
▶ म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्ष वा सो भन्दा माथी अनुभव भएकाहरुले मात्र आवेदन दिन सक्नुहुनेछ ।

**AL SECURE MANPOWER RECRUITMENT PVT. LTD.**
Panchakumari Temple, Chandrodaya Marg, Sinamangal
Govt. Lic. No.: 823/066/067
Hotline : 9841335766


## तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गोइथी सप्तरी, मधेश प्रदेश नेपाल

### 'लू'बाट बच्न सतर्कता अपनाउन तिरहुत गाउँपालिकाको अनुरोध

**'लू'का लक्षणहरू**

- ❖ बारम्बार प्यास लागिरहनु ।
- ❖ अनुहार रातो हुनु, टाउको दुख्नु, दिगमिग हुनु र बान्ता हुनु ।
- ❖ अत्याधिक तापक्रमका कारण बेहोस हुनु ।
- ❖ नाडीको गति धेरै बढ्नुका कारण बिरामीको शरीरको तापक्रम १०१ देखि १०४ सम्म हुनु ।
- ❖ बिरामीमा छटपटी र उदासीनताको भाव देखिनु ।

**'लू'बाट बच्ने उपाय**

- ❖ काँक्रोको सेवन गर्नुपर्छ । गर्मी मौसममा काँक्रो खानाले शरीरले शीतलता प्राप्त गर्दछ। जसबाट एकाएक 'लू'को असर पनि हुँदैन ।
- ❖ बेल, आँप, कागतीको सर्बतको सेवन गर्नुपर्छ। गर्मीमा बेल, आँप तथा कागतीको सर्बतले हाम्रो शरीरमा पानीको स्तरलाई कायम गरिराख्छ। जसले निकै हदसम्म लूबाट बचाउन पनि सहयोग पुर्‍याउँछ ।
- ❖ गर्मीको मौसममा कहिलेकाहीँ टाउको, खुट्टा तथा हातहरूमा मेहन्दी लगाउनाले पनि लूको असर कम हुन्छ ।
- ❖ घाममा खाली पेट निस्कनुहुँदैन, कागतीको सर्बत भए पनि खाएर निस्कनुपर्छ ।

**'लू' लागेमा के गर्ने ?**

- ❖ लूको प्रथम उपचार भनेको शरीरको तापक्रम कम गर्नु हो । 'लू'बाट पीडित व्यक्तिलाई शीतल, स्वच्छ हावा र वातावरण चिसो भएको राम्रो ठाउँमा सुताउनुपर्छ ।
- ❖ यदि तपाईंलाई 'लू' लाग्यो भने नजिकको चिकित्सकबाट तुरुन्त प्राथमिक उपचार गराउनुपर्छ, जसका कारण समयमा नै सबै कुराको नियन्त्रण हुन्छ ।
- ❖ 'लू' लागेको बिरामीले आफ्नो जीवन रक्षाका लागि घोल (नुन, चिनी, कागती र पानी) समय-समयमा पिइरहनुपर्छ ।
- ❖ 'लू' लागेपछि स्पन्जलाई पानीमा भिजाएर बिरामीको निधार, हात, खुट्टामा दल्नुपर्छ । यसका साथै निधारमा बरफको पट्टी राख्नुपर्छ ।
- ❖ 'लू' लागेमा पाकेको तित्री (इमली) को गुदीलाई हत्केला र खुट्टाको पैतालामा लगाउनाले 'लू'को असर कम हुन्छ । इमली पानी पिउनाले 'लू'बाट तुरुन्तै राहत प्राप्त हुन्छ ।
- ❖ दही र मौसमी फलफुल जस्तै सुन्तला, अंगुर, खरबुजा र मौसमको रस लू ग्रस्त बिरामीलाई पिउन दिनुपर्छ ।
- ❖ पुदिनाको सर्बत पिउनाले पनि लूबाट राहत प्राप्त हुन्छ । लूका बिरामीलाई तरल पदार्थ नै पिउन दिनुपर्छ ।
- ❖ लू लागेमा प्याजलाई पकाएर त्यसमा जिरा, चिनी र गाईको घिउ मिसाएर बिरामीलाई खानदिनु पर्छ । यसो गर्दा बिरामीलाई धेरै आराम प्राप्त हुन्छ ।

### जेपी क्लासिक ईन्टरनेशनल प्रा लि को सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०२/२३**

उप्रान्त वादी जेपी क्लासिक ईन्टरनेशनल प्रा. लि. भएको ०८१-अज-००४७ मुद्दामा सम्मानित उच्च अदालत पाटनबाट मिति २०८२/१/१९ गते कम्पनी ऐन २०८३ को दफा ८३ बमोजिम ३ पटक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु भनी आदेश भएकोले यो सूचना प्रकाशित गरिएको छ। कम्पनीको स्वीकृत पुँजी घटाँउदा कोही कसैलाई असर पर्ने भएमा सम्पर्क गरि आफ्नो दाबी जिकिर प्रस्तुत गर्न अनुरोध गरिन्छ । कसैले दाबी विरोध नगरेको अवस्थामा कम्पनी स्वीकृत पुँजी घटेको अवस्थामा कुनै उजुरबाजुर तथा दावी नलाग्ने व्यहोरा जानकारीका लागि सरोकारवाला सबैलाई सूचित गरिन्छ ।

### काठ तथा दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/०२/२३ गते शुक्रबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको साल लगायतको जातको गोलिया थान २०७० को ११५८९.८७ घ.फि. काठ तथा साल लगायत जातको २०.५० चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**- कैलाश सा.व.उ.स., ठाकुरबाबा-५, बर्दिया**


**VACANCY ANNOUNCEMENT**

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**Public Relation Officer (PRO) - 2 (Male)**
▸ (Salary: Rs.25,000 to Rs.30,000)
**Documentation Staff - 1 (Female)**
▸ (Salary: Rs.20,000 to Rs.25,000)

Requirements:
- Experienced in Related Field.
- Computer Knowledge and DOFE/MOFA Knowledge is Mandatory.

Send your CV at mktnassa@gmail.com
Call Us at 9841862691/9841664180 (WhatsApp)


### महत्वपूर्ण कागजात हरायो

सन्धिखर्क देखि ठाडा जाने क्रममा मेरो Bachelor of Nursing Science (२०७९-२०८१) साल को BNS प्रथम, दोस्रो, तेस्रो वर्षको प्रमाणपत्र को सक्कल Transcript TU Registration Number ४-२-३५-६८-२०२० भएको र Provisional Certificate महाराजगन्ज नर्सिङ क्याम्पस रोल्न १०५४ भएको महत्वपूर्ण कागजात हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यलयमा वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : अप्सरा अलि
ठेगाना : सन्धिखर्क न.पा १ अर्घाखाँची
फोन नं. ९८५१३४०७८६


## साउदी र युएईमा रोजगार

कम्पनीः Intension and Values Operation and Maintenance Est. शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ चलानी नं.: ६०२३९१९४ L.T. No.: 325200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lording Labors | 69 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner General | 1 | 0 | | 1000 | ३६,५७० | | | | | | | |

कम्पनीः MUNNA SAH ELECTROMECHANICAL CONT शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/२१ चलानी नं.: ६०२३९२०१ L.T. No.: 325224

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Carpenters | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Masion | 50 | 0 | | 1200 | ४४,८०८ | | | | | | | |
| 3. | Steel Fixer/Barbender | 50 | 0 | | 1200 | ४४,८०८ | | | | | | | |
| 4. | Suttering Carpenter | 50 | 0 | | 1200 | ४४,८०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३० गते (13 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S. P. M. OVERSEAS PVT. LTD.** Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Kathmandu Contact No : 984-2151398 / 981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
२३ जेठ २०८२ शुक्रबार
6 June 2025, Friday

## सम्पादकीय

### माधव नेपालविरुद्ध दायर नजीर मुद्दा

पतञ्जली जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दर्ता गराएको छ । विशेष अदालतमा अख्तियारले दर्ता गरेको मुद्दामा माधव नेपाललाई मुख्य आरोपित भनिएको छ । मन्त्रिपरिषद् निर्णयबाटै पतञ्जलीलाई हदबन्दी छुटमा जग्गा दिने र तत्काललै खरीद–बिक्री गर्न निर्णय गरिएको आरोप पूर्वप्रधानमन्त्री नेपालविरूद्ध लागेको छ । यो मुद्दामा नेकपा एकीकृत समाजवादीका अध्यक्ष समेत रहेका नेपालविरूद्ध १८ करोड ५८ लाख बिगो दावी सहित सजायको माग गरिएको छ । अरू ९२ जनाविरूद्ध पनि मुद्दा दर्ता भएको छ । अख्तियारले मुद्दा दर्ता गराएकोप्रति माधव नेपालको पार्टीले चर्को विरोध जनाएको छ । बिहीबार साँझ पदाधिकारी बैठक राखेरै सरकारी सेटिङमा अख्तियारबाट मुद्दा दर्ता भएको निष्कर्ष सार्वजनिक गरेको छ ।

पूर्वप्रधानमन्त्री नेपाल अदालतबाट क्लीनचिट पाउने विश्वास गरेका छन् । आफूले कुनै गल्ती नगरको दाबी सहित भनेका छन्– नबिराउनु, नडराउनु । तर सत्तारूढ एमालेका नेताहरूमा माधव नेपालविरूद्ध मुद्दा दर्ता हुँदा खुसी नै देखिएको छ । राज्यको सम्पत्ति दोहन गर्नेविरूद्ध ढिलोचाँडो र जोसुकै कार्बाहीको दायरामा आउनुपर्ने सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । एकीकृत समाजवादी सहित कतिपय विपक्षी नेताहरूले चाहिँ राज्यले अख्तियार मार्फत् माधव नेपालविरूद्ध राजनीतिक प्रतिशोध लिइएको तर्क गरिरहेका छन् । जसले जे तर्क गरेपनि गणतान्त्रिक शासन प्रणालीमा पूर्वप्रधानमन्त्रीविरूद्ध भ्रष्टाचार मुद्दा दर्ता भएको यो पहिलो घटना हो । यस्ता निर्णय यसअघि राजाकालमा हुन्थ्यो, राजनीतिक प्रतिशोध साध्ने उद्देश्यले ।

एमाले फुटाएर एकीकृत समाजवादीको नेतृत्व गरिरहेका माधव नेपालविरूद्ध प्रधानमन्त्री केपी शर्मा ओलीका विश्वास पात्र भनिने व्यक्तिहरूले अख्तियारको नेतृत्व गरिरहँदा भ्रष्टाचार मुद्दा दायर भएको छ । त्यसैले एकीकृत समाजवादी सहित विपक्षी नेताहरूको आरोपलाई समाजको एउटा पंक्तिले विश्वास गरेको देखिन्छ । जबकि भ्रष्टाचारका विषयमाथि यो तहको अविश्वास र शंका नगरिनुपर्ने हो । तर राजनीतिक पृष्ठभूमिका कारणका अख्तियारको निर्णयप्रति शंका गरिएको छ । सँगै मन्त्रिपरिषद्बाट भएको निर्णयमै पनि पूर्वप्रधानमन्त्रीविरूद्ध भ्रष्टाचारको मुद्दा दर्ता नौलो छ । यसले अब सबै पूर्वप्रधानमन्त्रीविरूद्ध छानबीन हुन सक्छ । त्यसैले पनि यो मुद्दा महत्वपूर्ण छ । लोकतान्त्रिक प्रणाली र यसका संस्थाहरूको विश्वास गुम्न दिने वा नदिने भन्ने कुराका लागि पनि यो मुद्दा विशेष छ । त्यसैले सम्भावित संकटहरूलाई समेत हेरेर यो मुद्दा अगाडि बढ्नुपर्छ । सुशासनको प्रत्याभूति राज्यको दायित्व हो ।

# पर्यटन विकासका लागि चाल्नुपर्ने कदम

*नेपालको पर्यटन हालसम्म मुख्यत: ट्रेकिङ र पर्वतारोहणमा केन्द्रित छ । यद्यपि, सांस्कृतिक, धार्मिक, स्वास्थ्य र ग्रामीण पर्यटनको प्रवर्द्धन आवश्यक छ...*

अग्रलेख



● चन्द्रबहादुर बस्याल



नेपाल, एशियाको मुटुमा अवस्थित एक सानो तर प्राकृतिक हिसाबले अत्यन्तै समृद्ध राष्ट्र हो, जसको भूगोल, संस्कृति, इतिहास र जैविक विविधताले यसलाई विश्वको पर्यटकीय नक्सामा विशेष स्थान प्रदान गरेको छ । उत्तरमा विशाल हिमालय पर्वत श्रृंखलादेखि दक्षिणमा समथर तराई क्षेत्रसम्म फैलिएको यो देशमा हिमाल, पहाड, खोला, झरना, वन, धार्मिक स्थलहरू, ऐतिहासिक सम्पदा, जातीय विविधता र मौलिकता समेटिएको छ । यही विविधता र प्राकृतिक सौन्दर्यकै कारण नेपाल विश्वभरिका पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै आएको छ ।

पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिन्छ । यो क्षेत्रले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाखौं नेपालीलाई रोजगारी सिर्जना गर्दै आएको छ । पर्यटन क्षेत्रबाट हुने आम्दानीले राष्ट्रिय आयमा उल्लेख्य योगदान दिएको पाइन्छ । सन् २०१९ (कोभिड महामारी अघिको वर्ष)मा नेपालले झण्डै १२ लाख अन्तर्राष्ट्रिय पर्यटकहरूलाई स्वागत गरेको थियो । त्यसपश्चात कोभिड-१९ महामारीले यस क्षेत्रमा ठूलो असर पारे पनि २०२३ र २०२४ मा क्रमशः ८ लाख र ११.५ लाख पर्यटक नेपाल आइपुगेका छन्, जुन सकारात्मक संकेत हो ।

तर, यति मात्रले पुग्दैन । नेपालमा पर्यटन क्षेत्र अझै पनि सम्भावनाभन्दा धेरै पछाडि छ । पूर्वाधार, नीतिगत स्पष्टता, सेवा गुणस्तर, प्रवर्द्धन, विविधीकरण र दिगोपनाको अभावले गर्दा नेपालले आफ्नो पूर्ण पर्यटन क्षमताको उपयोग गर्न सकेको छैन ।

विश्वका धेरै मुलुकहरूले एकाध प्राकृतिक सम्पदा वा सांस्कृतिक सम्पत्तिमात्र प्रयोग गरेर ठूलो संख्यामा पर्यटक भित्र्याइरहेका छन् । नेपालसँग त त्योभन्दा धेरै छ– तर प्रयोग कम । यही कारणले अब नेपालले रणनीतिक सोच, दीर्घकालीन योजना, र प्रभावकारी कार्यान्वयनमार्फत पर्यटन क्षेत्रको आमूल सुधार गर्न आवश्यक छ । जसबारे यहाँ चर्चा गरिएको छ ।

### नीति सुधार र कार्यान्वयन

पर्यटन क्षेत्रको विकासका लागि स्पष्ट, पारदर्शी र प्रभावकारी नीतिहरू आवश्यक छन् । सन् २०२३ मा घोषणा गरिएको ‘पर्यटन दशक २०२३-२०३३’ योजना हालसम्म प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । पर्यटन व्यवसायीहरूले योजना २०२५ देखि सुरु गर्न सुझाव दिएका छन्, किनभने आवश्यक तयारीहरू अझै सम्पन्न भएका छैनन् । सरकार र निजी क्षेत्रबीचको सहकार्य, स्थिरता, र स्पष्ट कार्ययोजनाको अभावले योजनाको कार्यान्वयनमा ढिलाइ भएको छ ।

पर्यावरणीय संरक्षण र स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न दिगो पर्यटन अभ्यासहरू आवश्यक छन् । सन् २०२५ मा नेपाल सरकारले सगरमाथा आरोहण अनुमति शुल्क ३६ प्रतिशतले वृद्धि गरी ४ लाख १५ हजार पुर्‍याएको छ, जसको उद्देश्य वातावरण संरक्षण र सुरक्षा सुनिश्चित गर्नु हो । साथै, नयाँ प्रस्तावित कानुनअनुसार, सगरमाथा आरोहण अनुमति केवल ७ हजार मिटरभन्दा अग्लो हिमाल आरोहण गरेको अनुभव भएका आरोहीहरूलाई मात्र दिइनेछ । यसले अनुभवहीन आरोहीहरूको संख्यामा कमी ल्याउने र सुरक्षामा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

सँगै, स्थानीय समुदायको सहभागिता बिना दिगो पर्यटन सम्भव छैन । पर्यटन विकासले स्थानीय रोजगारी सिर्जना, सांस्कृतिक संरक्षण र आर्थिक समृद्धिमा योगदान पुर्‍याउनुपर्छ । उदाहरणस्वरूप, कोशी प्रदेशमा ‘ट्रेल-आधारित पर्यटन विकास परियोजना’ सञ्चालनमा छ, झण्डै १ लाख पर्यटकलाई तान्न सफल भयो । जसबाट १ हजार स्थानीय बासिन्दाहरूले रोजगार पाउने अवस्था बन्यो । यसले स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुर्‍याउनेछ ।

### पूर्वाधार सुधार

पर्यटन विकासको लागि आधारभूत पूर्वाधारको सुदृढीकरण अत्यावश्यक छ । हालैका वर्षहरूमा, नेपालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता विस्तार गरेको छ, जसले लाखौं यात्रुहरूलाई सेवा प्रदान गर्छ । साथै, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनले देशको हवाई पहुँचमा सुधार ल्याएको छ । यद्यपि, सडक सञ्जालको अवस्था अझै कमजोर छ, विशेषगरी काठमाडौं-पोखरा मार्गमा नै यात्रा समय १२ घण्टा लाग्ने अवस्था छ । यसले पर्यटकहरूको अनुभवमा नकारात्मक प्रभाव पार्दछ ।

पर्यटकहरूको सुरक्षा सुनिश्चित गर्न आपतकालीन व्यवस्थापन प्रणाली सुदृढ गर्नुपर्छ । सन् २०२३ मा सगरमाथा आरोहणको क्रममा १२ जनाको मृत्यु र ५ जना हराएका थिए । यसले सुरक्षा व्यवस्थापनमा सुधार आवश्यक रहेको देखाउँछ । सरकारद्वारा प्रस्तावित नयाँ कानुनअनुसार, सगरमाथा आरोहण अनुमति केवल अनुभव भएका आरोहीहरूलाई मात्र दिइनेछ, जसले सुरक्षा सुधारमा योगदान पुर्‍याउनेछ ।

पर्यटन प्रवर्द्धन र व्यवस्थापनमा प्रविधिको उपयोग आवश्यक छ । डिजिटल प्लेटफर्महरू, अनलाइन बुकिङ प्रणाली र मोबाइल एप्सको विकासले पर्यटकहरूको अनुभव सुधार गर्न मद्दत पुर्‍याउँछ । साथै, प्रविधिको माध्यमबाट पर्यटकहरूको डेटा संकलन, विश्लेषण, र प्रवृत्तिको अध्ययन गर्न सकिन्छ, जसले नीति निर्माणमा सहयोग पुर्‍याउँछ ।

पर्यटन क्षेत्रका लागि दक्ष जनशक्ति आवश्यक छ । पर्यटन सम्बन्धी शिक्षा, तालिम र सीप विकास कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । यसले सेवा गुणस्तर सुधार, स्थानीय रोजगारी सिर्जना र पर्यटक सन्तुष्टि बढाउन मद्दत पुर्‍याउँछ ।

### प्रवर्द्धन तथा बजार विस्तार

नेपालको पर्यटन हालसम्म मुख्यतः ट्रेकिङ र पर्वतारोहणमा केन्द्रित छ । यद्यपि, सांस्कृतिक, धार्मिक, स्वास्थ्य र ग्रामीण पर्यटनको प्रवर्द्धन आवश्यक छ । सन् २०२५ मा नेपालले ‘नेपाल विशेष पर्यटन वर्ष’ घोषणा गरेको छ, जसमा पोखराले ‘पोखरा भ्रमण वर्ष’ मनाउँदैछ । नेपाल न्यूयोर्क टाइम्सको २०२५ का ५२ अवश्य भ्रमण गर्नुपर्ने स्थानहरूको सूचीमा नवौं स्थानमा परेको छ । यसले सांस्कृतिक र धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्ने अवसर प्रदान गर्दछ ।

अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटन प्रवर्द्धन गर्न डिजिटल मार्केटिङ, सामाजिक सञ्जाल र अन्तर्राष्ट्रिय मेला-प्रदर्शनहरूमा सहभागिता बढाउनुपर्छ । सन् २०२४ मा नेपालले ११ लाख अन्तर्राष्ट्रिय पर्यटकहरूलाई स्वागत गर्‍यो, जुन अघिल्लो वर्षको तुलनामा १३ प्रतिशतले बढी हो । विशेषगरी भारत, चीन, अमेरिका, श्रीलंका र बङ्गलादेश पर्यटक नेपाल आएको देखिन्छ । यद्यपि, भारतबाट आगमनमा ०.७ प्रतिशतको सानो गिरावट देखिएको छ, जसलाई प्रवर्द्धनात्मक गतिविधिहरूबाट सुधार गर्न सकिन्छ ।

> *नेपालमा पर्यटन क्षेत्र अझै पनि सम्भावनाभन्दा धेरै पछाडि छ । पूर्वाधार, नीतिगत स्पष्टता, सेवा गुणस्तर, प्रवर्द्धन, विविधीकरण र दिगोपनाको अभावले गर्दा नेपालले आफ्नो पूर्ण पर्यटन क्षमताको उपयोग गर्न सकेको छैन...*

अन्तर्राष्ट्रिय सहकार्य र साझेदारीले नेपालको पर्यटन विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । उदाहरणस्वरूप, नेपालले भारतसँग मिलेर रामायण सर्किटको विकास गरिरहेको छ, जसमा जनकपुरलाई प्रमुख धार्मिक गन्तव्यका रूपमा प्रवर्द्धन गरिएको छ । यसले धार्मिक पर्यटनलाई बढावा दिनेछ र भारत-नेपाल सम्बन्धलाई थप सुदृढ बनाउनेछ ।

### निष्कर्ष

नेपालको पर्यटन क्षेत्रले पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रगति गरेको छ, तर अझै धेरै सम्भावनाहरू बाँकी छन् । पूर्वाधार सुधार, दिगो अभ्यास, विविधीकरण, प्रवर्द्धन, नीति सुधार, स्थानीय सहभागिता, सुरक्षा, प्रविधिको उपयोग, अन्तर्राष्ट्रिय सहकार्य र शिक्षा तालिमका माध्यमबाट पर्यटन क्षेत्रलाई आर्थिक विकास, रोजगारी सिर्जना र अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढीकरणको माध्यम बनाउन सकिन्छ । सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीचको सहकार्यले मात्र यी लक्ष्यहरू प्राप्त गर्न सकिन्छ ।

## इतिहासमा आज


६ जुन १९९२ मा कोपा एयरलाइन्सको विमान २०१ उडानकै बिच पनामाको डारियन ग्यापमा दुर्घटनाग्रस्त भएको थियो । जसमा सवार सबै ४७ जनाको मृत्यु भएको थियो ।




६ जुन १९९३ मा पुन्सलमागिन ओचिरबातले मंगोलियामा पहिलो राष्ट्रपति चुनाव जितेका थिए ।




६ जुन १९९४ मा चाइना नर्थवेस्ट एयरलाइन्सको उडान २३०३ सियान सियानयाङ अन्तर्राष्ट्रिय विमानस्थल नजिकै दुर्घटनाग्रस्त भएको थियो । जसमा सवार सबै १६० जनाको मृत्यु भएको थियो ।



६ जुन २००२ मा ग्रीस र लिबियाको बीचमा भूमध्यसागरमा दस मिटर व्यासको अनुमान गरिएको पृथ्वी नजिकको क्षुद्रग्रह विस्फोट भएको थियो । जुन नागासाकी आणविक बम भन्दा अलि बढी शक्तिशाली रहेको बताइन्छ ।



# सनातनी सभ्यताको संरक्षण किन ?

विचार



● पर्शुराम भूर्तेल

> *सनातन सभ्यता मात्र अतीतको गौरव होइन, यो भविष्यको मार्गदर्शक पनि हो । यसले आत्मनिरीक्षण, आत्मसुधार र आत्मज्ञानको बाटो देखाउँछ । यो दर्शन केवल गीता, वेद वा उपनिषदका पुस्तकहरूमा सीमित छैन; यो त दैनिक जीवनका हरेक व्यवहारमा प्रतिविम्बित हुनुपर्छ...*

सनातन धर्म विश्वका प्राचीनतम धार्मिक तथा सांस्कृतिक परम्पराहरू मध्ये एक हो, जसले हजारौं वर्षदेखि मानव सभ्यताको दिशा निर्धारण गर्दै आएको छ । यसको मूल मर्म जीवनका सबै पक्षहरूसँग सम्बन्धित रहेकोले यसले केवल धार्मिक आस्थामात्र होइन, सामाजिक संरचना, नैतिक मूल्य, जीवनशैली, विज्ञान, दर्शन, कला, साहित्य, योग, आयुर्वेद, वास्तुशास्त्रजस्ता विविध आयामलाई समेटेको छ । आजको प्रविधिमुखी र भौतिकतावादी युगमा जहाँ मूल्यहरू क्रमशः क्षीण हुँदै गएका छन्, त्यहाँ सनातनिक सभ्यताको संरक्षण गर्नु समयको अत्यावश्यक बनेको छ ।

सनातन सभ्यताको मूल उद्देश्य नै मानव मात्र होइन, सम्पूर्ण सृष्टिको कल्याण हो । ‘सर्वे भवन्तु सुखिनः’ भन्ने भावनाले संसारलाई हेर्ने दृष्टिकोण दिन्छ । यस्तो सर्वाङ्गीण दृष्टिकोणले मानवलाई न केवल आत्मिक शुद्धि र शान्ति तर्फ लैजान्छ, बरु सामाजिक समरसता र सहअस्तित्वको भावना पनि जगाउँछ । आजका युगमा जहाँ जातीय, धार्मिक, भौगोलिक र भाषिक विभेदका कारण द्वन्द्वहरू बढिरहेका छन्, त्यहाँ सनातन धर्मले प्रस्ताव गर्ने ‘वसुधैव कुटुम्बकम्’ अर्थात् ‘पूरा पृथ्वी नै एउटै परिवार हो’ भन्ने भावनाले विश्व शान्ति स्थापनामा महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

अर्को महत्वपूर्ण पक्ष भनेको सनातन धर्मले प्रकृतिप्रति देखाउने श्रद्धा र संरक्षणको भावना हो । आज विश्व जलवायु परिवर्तन, जैव विविधताको क्षति, प्रदूषण, प्राकृतिक सम्पदाको दुरुपयोग जस्ता समस्याबाट जुझिरहेको छ । सनातन संस्कृति भनेको प्रकृतिसँगको सहजीवितामा आधारित संस्कृति हो । हरेक बोटबिरुवा, नदी, पहाड, पशुपन्छी, सूर्य, चन्द्र, वायु आदिलाई देवताको रूपमा सम्मान गर्ने संस्कारले यो स्पष्ट पार्दछ कि सनातन धर्म केवल पूजा वा कर्मकाण्डको नाम होइन, यो त प्रकृतिसँगको गहिरो आत्मीय सम्बन्धको नाम हो । यस्तो चिन्तनले मात्र वर्तमान पर्यावरण संकट समाधान गर्न सक्ने दिगो दृष्टिकोण दिन सक्छ ।

सनातन धर्मको एक विशेषता यसको लचकता र समावेशीपन हो । यसले कहिल्यै कुनै धर्म वा जातिमा विभेद गर्दैन । ज्ञान प्राप्तिका लागि योग, साधना, ध्यान, उपनिषद, दर्शनशास्त्र लगायतका माध्यमहरू उपलब्ध गराउँछ । यसमा विज्ञान र आध्यात्मको समन्वय पाइन्छ । उदाहरणको लागि, योगशास्त्र आज विश्वभर नै स्वास्थ्य र मानसिक सन्तुलनको लागि अत्यन्तै लोकप्रिय बनिसकेको छ । यो केवल शारीरिक व्यायाम नभई, चेतनाको उच्च स्तरमा पुग्ने माध्यम हो । यस्तै आयुर्वेद चिकित्सा प्रणालीलाई पनि विश्वले अब वैकल्पिक उपचारको बलियो माध्यमको रूपमा स्वीकार गरिरहेको छ । यिनै सबै ज्ञान सम्पदाहरू सनातन सभ्यताको अभिन्न अंश हुन्, जसको संरक्षण अब केवल आस्थाको सवाल नभई मानव अस्तित्वकै सवाल बनेको छ ।

आजको डिजिटल युगमा जहाँ सूचना प्रवाह तीव्र छ, संस्कृतिहरूको आदानप्रदानले विविधता त बढाएको छ, तर मौलिक संस्कृतिहरू जोखिममा परेका छन् । विशेषतः युवा पुस्ता आधुनिकताको नाममा आफ्नो जरा भुल्दै गइरहेको अवस्था छ । भाषा, पहिरन, परम्परा, चाडपर्व, जीवनशैली, नैतिकता, सामाजिक बन्धन आदिमा क्षय देखिन थालेको छ । यदि सनातन सभ्यताको मूल मूल्य, संस्कार र दर्शनलाई शिक्षा प्रणाली, साहित्य, सञ्चार माध्यम र व्यवहारिक जीवनमा स्थापित गर्न सकिएन भने हामी केवल भौतिक प्रगतिमा सीमित भएर आत्मविहीन समाज निर्माण गर्नेछौं ।

सनातन सभ्यता मात्र अतीतको गौरव होइन, यो भविष्यको मार्गदर्शक पनि हो । यसले आत्मनिरीक्षण, आत्मसुधार र आत्मज्ञानको बाटो देखाउँछ । यो दर्शन केवल गीता, वेद वा उपनिषदका पुस्तकहरूमा सीमित छैन; यो त दैनिक जीवनका हरेक व्यवहारमा प्रतिविम्बित हुनुपर्छ । हाम्रो परिवारमा वृद्धप्रतिको सम्मान, अतिथिको स्वागत, छिमेकीप्रतिको सद्भाव, धर्म र कर्मको सन्तुलन, कर्मको महत्व, सत्य र अहिंसाको आदर्श, यी सबै कुरा सनातन संस्कारले दिएको जीवनशैलीका सूचक हुन् ।

कुनै पनि सभ्यता तबसम्म जीवित रहन्छ जबसम्म त्यो अभ्यासमा रहन्छ । केवल मन्दिर निर्माण गरेर वा पूजापाठ गरेर सनातन धर्म जोगिँदैन । यसका दर्शनहरूलाई व्यवहारमा उतार्नुपर्छ । सन्तानलाई संस्कार दिनु, शिक्षामा आध्यात्मिक मूल्य जोड्नु, प्रकृति र जीवनप्रति श्रद्धा विकसित गर्नु, परम्परागत ज्ञान र सीपलाई जीवन्त राख्नुजस्ता उपायहरू मार्फत मात्र सनातनिक सभ्यता जोगिन सक्छ । यसको संरक्षण गर्नु भनेको केवल अतीतप्रतिको श्रद्धा मात्र होइन, यो वर्तमान र भविष्यप्रतिको जिम्मेवारी पनि हो ।

अतः, आज हामीले सनातनिक सभ्यताको संरक्षणलाई केवल धार्मिक कर्तव्य नभई सामाजिक, नैतिक, सांस्कृतिक र पर्यावरणीय उत्तरदायित्वका रूपमा बुझ्नुपर्छ । यदि हामी आज आफ्नो मौलिकता जोगाउन असफल भयौं भने भविष्यले हाम्रो चिनारी नै बिर्सनेछ । त्यसैले सनातन धर्मको मूल मर्मलाई बुझ्ने, त्यसमा गौरव गर्ने र यसको संरक्षण र प्रसार गर्ने कार्यमा हरेक जिम्मेवार नागरिक लाग्न आवश्यक छ । यही बाटोले हामीलाई आत्मगौरव, सन्तुलित जीवनशैली र सार्वभौमिक शान्तिको दिशामा डोर्‍याउनेछ ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

रैतितन्त्रको मागमा सडक प्रदर्शन र झोलेहरूको आत्म स्वीकृति २१औँ शताब्दीको सर्वाधिक रोचक मजाक हो । साथै, यस्तो दुखान्तको प्रमाण पनि हो कि नेपाल किन अझै यति विपन्न छ । जब कुनै राष्ट्रले मानसिक दरिद्रतामा गर्व गर्छ, आनन्द मान्छ, देश जतिसुकै सुन्दर किन नहोस्, तन्नम नै हुने हो ।



प्रेमकान्त अधिकारी

आर्थिक विपन्नता र रोजगारीको अभावले अत्तालिएका योग्य असल सक्षम युवाहरू दलालहरूको चङ्गुलमा फसेको पत्तै नपाई वैदेशिक रोजगारीको लागि कहाँ-कहाँ पुग्छन् र ज्यान बाकसभित्र फर्कनुपर्छ । तर, सरकार भने आफ्नो देशमा रोजगार सिर्जना गर्नुको सट्टा सस्तो लोकप्रियता खोजिरहन्छ ।



सूर्यराज आचार्य

स्वार्थ केन्द्र तथा ‘सिन्डिकेट’को नाजायज दबाबका सामु राज्य/सरकार झुकेर खोजिने तत्कालीन समाधानले समय क्रममा झन् ठूलो समस्या निम्त्याउँछ । यातायात नियमनमा वैज्ञानिक पद्धति अपनाउँदा व्यवसायी र यात्रु दुवै पक्षको हित सुनिश्चित हुन्छ । सिन्डिकेटको स्वेच्छाचारितामा अङ्कुश लगाउनु अत्यावश्यक छ ।



शंकर तिवारी

सिन्डिकेटवादी नेताको सबभन्दा बलियो तर्क संघ सरकारले भन्दा पहिले गण्डकी सरकारले कानुन बनायो भन्ने रहेछ । संघले गण्डकीले गरेको निर्णय फिर्ता गर्ने कुरा स्वीकार्य हुँदैन । म यो मुद्दामा सिन्डिकेट खत्तम गर्ने, सर्वोच्च अदालतको आदेश र संविधानको पालन गर्ने गण्डकी सरकारसँग छु ।

# मुम्रा-८ बालविवाह निषेधित वडा



**कालिकोट/मस-**कालिकोटको सान्नी त्रिवेणी गाउँपालिका-८ मुम्रालाई बालविवाह निषेधित वडा घोषणा गरिएको छ। 'नगरौं बिहेको कुरा, भएको छैन २० वर्ष पूरा' भन्ने नाराका साथ जिल्लाका सरोकारवाला, अभिभावक, बालबालिका र किशोरकिशोरीको सहभागितामा बालविवाह निषेधित वडा घोषणा गरिएको हो।

सान्नीत्रिवेणी गाउँपालिका अध्यक्ष मोहनबहादुर केसीले शिक्षा, स्वास्थ्य, पोषण तथा संरक्षणमा बाल विवाहले प्रतिकूल असर परेकाले सान्नीत्रिवेणी गाउँपालिकालाई २ वर्षभित्र बालविवाहमुक्त पालिका घोषणा गर्न अभियान सुरू गरेको बताए। बालअभियान्ता तथा अधिवक्ता खडानन्द चौलागाईले गाउँमा कसैले पनि बालविवाह नगर्ने नगराउने प्रतिबद्धतासहित बाल विवाह निषेधित वडा घोषणा गरिएको बताए। उनले भने, 'बालविवाह कानुनी र सामाजिक अपराध हो,' देवीदेवतालाई साक्षी राखेर सबैले प्रतिबद्धता गरेका छौं। अब जिल्लाको सान्नीत्रिवेणी गाउँपालिकाको ८ नम्बर वडामा कसैले पनि २० वर्ष नपुगी विवाह गर्ने छैनन्।'

सामाजिक अभियन्ता बलिराजा शाहीले ४ वर्षअघिसम्म ६८ प्रतिशत बाल विवाह रहेको मुम्रामा प्लानसहितका संघसंस्थाको सहयोगमा अभियान सञ्चालन गरेपछि २०८१ को चैतमा १० प्रतिशतभन्दा कम पाइएपछि वडालाई बालविवाह निषेधित घोषणा गरिएको बताए। हालसम्म सान्नीत्रिवेणीको ७ र ८ नम्बर वडा बालविवाह निषेधित वडा घोषणा भइसकेका छन्। अब ७ वडा बाँकी छ। सान्नीत्रिवेणी गाउँपालिका उपाध्यक्ष पार्वती सञ्ज्यालले बालविवाह निषेधित वडा घोषणापछि पालिकाले किशोरकिशोरीको शिक्षाका लागि लगानी गर्ने बताइन्। सान्नी त्रिवेणी-१ का वडाध्यक्ष वैकुण्ठ गिरी, वडा नम्बर ३ का अध्यक्ष रङ्गलाल देवकोटा, वडा नम्बर ८ का अध्यक्ष नौलासिंह बुढालगायतका सरोकारवालाहरूले बालविवाह गर्नेलाई सामाजिक बहिष्कार गर्ने प्रतिवद्धता गरे।

# २ वर्षमा सम्पन्न गर्नुपर्ने अस्पताल अढाइ वर्षमा ३० प्रतिशत मात्र काम



**नविन श्रेष्ठ/मध्यान्ह**
सिन्धुली, २२ जेठ

सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका २ मा निर्माणाधीन १५ शय्याको अस्पताल भवन २ वर्षमा सम्पन्न गर्ने सम्झौता भएपनि हालसम्म ३० प्रतिशत मात्र काम सम्पन्न भएको छ। निर्माण कम्पन्नी सिनर्जी-राजदेवी भक्त-आर.पी जेभी, चन्द्रपुर रौतहटले २०७९ असोज ७ गते एक वर्षमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो। सम्झौता अनुसार २०८१ असोज ६ गते सम्पन्न हुनुपर्ने थियो। तर, उक्त समयभित्र ठेकेदारले काम सम्पन्न नगरेपछि गत वर्ष २०८२ भदौ ३० गतेसम्मको म्याद थप गरिएको इन्जिनियर श्रेष्ठको भनाइ छ।

आयोजनाले उपलब्ध गराएको विवरणअनुसार हालसम्म अस्पताल निर्माणमा भौतिक र आर्थिक दुवैतर्फको प्रगति ३० प्रतिशतमा सीमित भएको हरिहरपुरगढी गाउँपालिका इन्जिनियर बेन्जामिन श्रेष्ठ वताए।

बाँकी दुई महिना अर्थात् आगामी भदौ मसान्तसम्ममा बाँकी ७० प्रतिशत काम हुने कुनै सम्भावना नदेखिएको इन्जिनियर श्रेष्ठले बताए।

थपिएको सो समयमा पनि निर्माण व्यवसायीले गाउँपालिकालाई बुझाएको कार्यतालिका अनुसार काम नभई निकै ढिलासुस्ती गरिएको इन्जिनियर श्रेष्ठले बताए। यस्तै सुस्त गतिमा काम भए चालु आर्थिक वर्षमा विनियोजित बजेट फ्रिज हुने देखिन्छ।

ठेकेदार कम्पनीले एक वर्ष भन्दा बढी काम गरेका कामदारलाई ज्याला नदिएको स्थानीय चन्द्रबहादुर राईले गुनासो गरे। ज्याला नदिएको कारण कामदारहरु काम गर्न जान मान्दैनन्।

बाहिरबाट आएका कामदार पनि ज्याला नपाउने थाहा पाएपछि छोडेर जाने गरेको उनले बताए। ठेकेदारले भने कामदारनै नपाएको कारण काम ढिलासुस्ती भएको बताउने गर्छन्।

अस्पताल निर्माणका लागि २१ करोड ८१ लाख ९० हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। जसमध्ये हालसम्म ६ करोड ६५ लाख ७१ हजार रुपैयाँ ठेकेदारले भुक्तानी लिइसकेको छ। चालु आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकार र गाउँपालिकाबाट गरी कूल ९ करोड ३१ लाख रुपैयाँ बजेट विनियोजन भइ कार्यान्वयनमा रहेको छ। तर, ठेकेदारले काम नगरेका कारण उक्त बजेट फ्रिज हुने अवस्थामा पुगेको गाउँपालिकाले जनाएको छ। चालु आर्थिक वर्षको बजेटबाट हालसम्म २ करोड ३६ लाख १६ हजार रुपैयाँको मात्र विल पेस भएको गाउँपालिकाले जनाएको छ। चालु आर्थिक वर्षमा विनियोजित बजेटमा संघीय सरकारको ८ करोड ३१ लाख रुपैयाँ रहेको छ। यसैगरी हरिहरपुरगढी गाउँपालिकाले १ करोड रुपैयाँ विनियोजन गरेको छ। गाउँपालिकाको बजेटमा ६३ लाख रुपैयाँ राजस्व बाँडफाँड-स्थानीय-नगद र ३७ लाख रुपैयाँ आन्तरिक स्रोततर्फको रहेको गाउँपालिकाले जनाएको छ।


## लक्ष्मी दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, नयाँ बानेश्वर-१०, काठमाण्डौंको कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको १५ दिने सूचना

**प्रकाशित मिति:२०८२/०२/२३**

यस सहकारीबाट ऋणकर्जा लिएका तपशिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिंदा सहकारीलाई गरिदिएका कर्जा लिखतहरु तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने सांवा, व्याज लगायत सहकारीको लेना रकम नबुझाई ऋणकर्जा लिंदा गरेको शर्त कलियतको उल्लंघन गरेको र सहकारीवाट मौखिक एवम् निखितरुपमा पटक पटक तरताकेता गर्दा समेत र **दोस्रो पटक १५ दिने सार्वजनिक सूचना** प्रकाशित गरेकोमा सो म्यादमा समेत उपस्थित नभइ सो सूचनाको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छयौट गर्नेतर्फ कुनै तदारुकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुबिधा फिर्ता गर्न फेरी **१५ दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ। अत: यस सहकारीमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सहकारीलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी सहकारीको कर्जा फरफारक फर्छयौट गर्न गराउनका लागि सम्बन्धित ऋणी धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवम् सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। सो म्यादभित्र बक्यौता रहेको रकम चुक्ता भुक्तान नगरेमा तपशिल बमोजिमको धितो सुरक्षण लिलाम बिक्री गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा सहकारीसम्बन्धी प्रचलित काननले दिएको अधिकार प्रयोग गरी तपाईं तथा जमानीको अन्य जायजेथाबाट असूल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।
साथै, उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत/ संस्थागत जमानत दिनुहुने पक्षहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र सहकारीको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरिन्छ।

**तपशिल:**

**ऋणीहरुको नाम, थर र ठेगाना:**
बिन्दनाथ झाको नाति, शम्भुनाथ झाको छोरा, महोत्तरी जिल्ला, सांढा गा.वि.स. वडा नं. ४ बस्ने धिरेन्द्र कुमार झा

**जमानीकर्ताको विवरण:**
१. कुशेश्वर झाको नातिनी, सन्तोष कुमार झाको छोरी, महोत्तरी जिल्ला, सांढा गा.वि.स.,वडा नं.४ बस्ने मिनु कुमारी
२. लक्ष्मण तिमल्सीनाको नातिनी, भिम प्रसाद तिमल्सीनाकी छोरी, काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.वि.स., वडा नं.३ बस्ने बिना कुमारी तिमल्सीना

**धितो सुरक्षणको विवरण :**
धिरेन्द्र कुमार झाको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला ढुंखर्क गाविस/न.पा. वडा नं. १. स्थित कित्ता नं.११४२ को १-११-०-० (रोपनी) र कित्ता नं.५६६ को २-८-३-० (रोपनी) तथा वडा नं.२. स्थित कित्ता नं.७२९ को १-१४-१-० (रोपनी) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको लिग लगापात समेत।

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/२/२३ गते**

डडेल्धुरा जिल्लामा रहेका पार्वति सा.व.उ.स आलिताल ४, टुडेवासको वन क्षेत्रबाट चालु आ.व. मा उत्पादन भई आलिताल ४ टुडेवासमा घाटगद्दीमा राखिएको लट नं. १ को साल जातको गोलिया थान ७३ को परिमाण ५७१।९२ क्यू.फिट गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**पार्वति सा.व.उ.स आलिताल ४, डडेल्धुरा**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०८/१४ मा दर्ता भएको **प्रा. लि. नं. १२८९१८/०७१/०७२** को **एको इम्पेक्स प्रा.लि.** को मिति २०८२/०२/०९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०१/०५ मा दर्ता भएको **प्रा. लि. नं. १८७९१७** को **शिवाक्ष इन्टरप्राइजेज प्रा.लि.** को मिति २०८२/०१/०६ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## भगवानपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भगवानपुर, सिरहा
मधेश प्रदेश, नेपाल

**ठेक्का स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिदिने सम्बन्धमा**

**प्रकाशित मिति : २०८२/०२/२३**

मिति २०८२/०१/०४ गतेको दिन कार्यालयबाट र मिति २०८२/०१/०५ गतेको दिन मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना यस कार्यालयमा उल्लेखित ठेक्काको लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्र प्राविधिक प्रस्तावमा उतीर्ण भै सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम बोलपत्र स्वीकृतको लागि आशयको सूचना जारी गरिएकोले सो ठेक्का सम्बन्धि असन्तुष्ट भए सूचना जारी भएको मितिले ७ सात दिन भित्र पेश गर्नु हुन सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

ठेक्का नं.-BRM/NCB/WORK/03/2081/082

योजनाको नाम:- Electrificationwork at Bhagwanpur Rural Municipality

| | प्रस्ताव स्वीकृतका लागि छनोट भएका बोलपत्रदाता |
|---|---|
| १ | Rishav - Brothers J.V. Sakhuwanankarkatti-4, Siraha |

प्रमुख प्रशासकीय अधिकृत

## Saudi मा रोजगार
**Abdulmalik Mubarak AbdullahAl Shabib Library Foundation for Copying and Photocopying**
पूर्व स्वीकृति मिति: २०८२/०२/२१ चलानी नं.: ६०२३९१३८ LT No. 325158

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Painter | 3 | 0 | काममा दक्ष | 1200 | ४३,८५१/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**Establishment Ali Dlame Ben Salem Al Haydar Commercial** पुन: विज्ञापन, पूर्व स्वीकृति मिति: २०८१/९/४ चलानी नं.: ६०२२९८९८ LT No. 315701

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Coffee Maker | 3 | 0 | काममा दक्ष | 1200 | ४३,८५१/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ जेष्ठ 30 गते (13 June, 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

## UAE मा रोजगार
**Shop Fit Interiors**
पूर्व स्वीकृती मिति: २०८२/२/२१ चलानी नं. : ६०२३९१८६ LT No.: 325214

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Assistant Tile Layer | 20 | 0 | काममा दक्ष | 1000 | ३७,३५७/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Asst Welder | 20 | 0 | | 1000 | ३७,३५७/- | | | | | | | |
| ३. | Carpenter | 20 | 0 | | 1200 | ४४,८२७/- | | | | | | | |
| ४. | Electrician Assistant | 20 | 0 | | 1000 | ३७,३५७/- | | | | | | | |
| ५. | Painter | 20 | 0 | | 1200 | ४४,८२७/- | | | | | | | |
| ६. | Plumber | 20 | 0 | | 1200 | ४४,८२७/- | | | | | | | |
| ७. | Welder | 20 | 0 | | 1200 | ४४,८२७/- | | | | | | | |

अन्तरवार्ता २०८२ जेष्ठ 30 गते (13 June, 2025) यस प्रा. लि. को कार्यालय ताल्चिखेल, ललितपुरमा हुनेछ ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## Kuwait मा रोजगार
**Residence Inn By Marriott, Kuwait City**
पूर्व स्वीकृति मिति: २०८२/०२/१९ चलानी नं. : ६०२३८९२४ LT No.: 322923

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Assistant Chef | 2 | 1 | काममा दक्ष | 145 | ६४,८६६/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Hospitality Cleaners | 3 | 2 | | 120 | ५३,६८२/- | | | | | | | |
| ३. | Receptionist | 0 | 2 | | 180 | ८०,५२४/- | | | | | | | |
| ४. | Security Guards | 4 | 0 | | 125 | ५५,९१९/- | | | | | | | |
| ५. | Waiter | 2 | 1 | | 140 | ६२,६३०/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु.१०,०००/- |

अन्तरवार्ता २०८२ जेष्ठ 30 गते (13 June, 2025) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

**ARABIAN CENTERS EMPLOYMENT SERVICES PVT. LTD.** Govt. Lic. No. 1576/079/080
Gairigaun, Sinamangal-09, Kathmandu, Tel.: 01-5914527
9802377511, 9802377512, 9802377513 Email : arabianjobsnepal@gmail.com

## ओमनमा रोजगार
कम्पनी : **Almajd Palaces Business** शहर: Oman
पूर्व स्वीकृत मिति: २०८२/०२/२१ चलानी नं.: ६०२३५१८४ LT. No.: 325236

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gardener | 50 | 0 | स. काममा दक्ष | 100 | ३५,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३० गते (13 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता एक्सेस पार्टनर ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ जेठ ३० गते (13 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

नेपालको जितमा आरिफले महत्वपूर्ण अर्धशतक बनाए। उनले ९९ बलमा सात चौका र दुई छक्काको सहयोगमा ७८ रनमा आउट भए। यसैगरी, नेपाली टोलीका उपकप्तान दीपेन्द्र सिंह ऐरीले ५१ बलमा तीन चौकाको सहयोगमा नट आउट ३८ रन बनाए। पाँचौं विकेटका लागि आरिफ र दीपेन्द्रले ८९ रनको महत्वपूर्ण साझेदारी गरे।

ओपनर कुशल भुर्तेलले ४२ बलमा तीन चौकाको सहयोगमा २५ रन जोडे। कप्तान रोहित पौडेल ३९ बलमा एक चौकाको सहयोगमा २३ रनमा आउट भए। अर्का ओपनर आसिफ शेखले २२ बलमा तीन चौका प्रहार गर्दै १९ रन बनाए। भीम सार्की २६ बलमा एक चौकाको सहयोगमा ११ रनमा आउट भए।

नेदरल्यान्ड्सका लागि माइकल लेभिटले दुई विकेट लिए भने भिभियन किंग्मा र पल भान मेकरेनले समान एक/एक विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको नेदरल्यान्ड्स ४९ दशमलव एक ओभरमा २२५ रनको योगफल बनाएको थियो।

नेदरल्यान्ड्सका लागि नोहा कोर्सले ५५ बलमा पाँच चौकाको सहयोगमा सर्वाधिक ४८ रन बनाए।

यसैगरी, कप्तान स्कट एडवार्डसले ७१ बलमा चार चौकाको सहयोगमा सर्वाधिक ४६ रन जोडे। विक्रमजित सिंहलाई ३८ रन बनाए। ज्याक लायन ३४ बलमा २७ रन बनाएर आउट भए।

नेपालका लागि सोमपाल कामीले तीन विकेट लिए भने करण केसी, ललित राजवंशी र सन्दीप लामिछानेले समान दुई-दुई विकेट लिए।

यो जितसँगै नेपाल १४ खेलमा १० अंकका साथ लिगको सातौं स्थानमा छ। पराजित नेदरल्यान्ड्स २१ खेलमा २६ अंकसहित अंक तालिकाको दोस्रो स्थानमा यथावत् छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०१/१२ मा दर्ता भएको **प्रा. लि. नं. २१३७८०** को **होटल सम्राट कुशल प्रा.लि.** को मिति २०८२/०१/०६ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## साउदीमा रोजगार

कम्पनीः CITY LIGHTING CONTRACTING COMPANY — शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०८२/०२/२१ — चलानी नं.:६०२३९१५० — L.T. No.: 325216

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver. | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९१४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Drivers | 10 | 0 | | 1800 | ६५८२६ | | | | | | | |
| 3. | Labour | 5 | 0 | | 1000 | ३६५७० | | | | | | | |
| 4. | Light Driver (Nepali License) | 3 | 0 | | 1500 | ५४८५५ | | | | | | | |

कम्पनीः GHAYEB MOHAMED AL OTAIBI SONS TRADING & CONTRACTING COMPANY — शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०४/२८ — चलानी नं.: ६०२२३४७४ — L.T. No.: 308826 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४८२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ३० गते (13 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

FAZAL INTERNATIONAL PVT. LTD.
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210
Gov. Lic. No. 709/064/065

## लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**लहान (सिरहा)**
**मधेश प्रदेश, नेपाल**

### बाढी, आँधी, बेहरी, जस्ता आपत विपद् हुने सम्भावनाबाट जोगिन निम्न कुरामा ध्यान दिन नगरबासीमा अनुरोध

१. केहि दिनको लागि चाहिने आपतकालीन आत्यावश्यक सामग्री (जस्तैः खानेकुरा, कपडा, औषधि, पानी) हरूको जोहो गरी सुरक्षित स्थानमा राखौं।
२. बाढी आएका बेला नदीनालामा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा संकलन गर्ने र गाईवस्तु चराउने जस्ता कार्यहरू उच्च जोखिममा रहने हुँदा त्यस्ता कार्यहरू नगरौं र नगराऔं।
३. बालबालिका, गर्भवती महिला, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरूको उद्धार तथा राहत वितरणमा विषेश प्राथमिकता दिनुहोस्।
४. रेडियो, मोबाईल एस. एम. एस. बाट सूचना लिनुहोस्।
५. बाढीको समयमा चौपायालाई खुल्ला छोड्नुहोस्।
६. वर्षाको समयमा सर्प निस्कने हुँदा रातको समयमा सधैं टर्चलाईट प्रयोग गर्नुहोस्।
७. महत्वपूर्ण कागजात, आवश्यक औषधीहरू प्लाष्टिकमा सुरक्षित साथ राख्नुहोस्।
८. उच्च र सुरक्षित जमिनमा जानुहोस्।
५. बाढी आईरहेको समयमा नदि वा खोलानालामा नजानुहोस्।
१०. सफा (उमालेर/निर्मलिकृत) पानी मात्र पिउनुहोस्।
११. ग्याँस तथा विद्युतीय सामग्रीहरू बन्द गर्नुहोस्।
१२. उच्च जोखिममा रहेका बस्तीहरू पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गरौं।
१३. मौसम पूर्वानुमान तथा नजिकका नदि नालामा पानीको बहावको सूचना लिई आवश्यक सतर्कता अपनाऔं।
१४. बाढी पहिरोको समयमा आपतकालिन उद्दारको लागि नजिकको सुरक्षाकर्मी वा सशस्त्र प्रहरी बल, नेपालको टोल फ्री नं-१११४ मा सम्पर्क गर्नुहोस्।

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०२/२३)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

### तपसिल

१ **ऋणी कम्पनीको विवरण (पर्सा शाखा, चितवन)**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०७/१९ मा दर्ता नं. २४६६००/०७७/०७८ अन्तर्गत दर्ता भएको **शान्ति पोल्ट्री फर्म प्रा.लि.।**
ठेगाना : चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०२, पटिहानी।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. कुल प्रसाद सापकोटाकी छोरी, रबिन्द्रनाथ अधिकारीकी बुहारी, संजय नाथ अधिकारीकी श्रीमती, चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.न. ३५१०१५/२६३७ (जारी मितिः २०७०/०३/१९ स्थान चितवन), भएकी **उषा सापकोटा अधिकारी।**
२. कैलादास अधिकारीको नाती, उदय नाथ अधिकारीको छोरा, चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०६ बस्ने, ना.प्र.न. ७७३/३०१६ (जारी मितिः २०३७/०६/०७ स्थान चितवन), भएका **रविन्द्र नाथ अधिकारी।**
३. उदय नाथ अधिकारीको नाती, रबिन्द्रनाथ अधिकारीको छोरा, चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.न. २४१९/०४४ (जारी मितिः २०६२/०४/१९ स्थान चितवन), भएका **संजय नाथ अधिकारी।**
४. तिर्थ राज न्यौपानेकी छोरी, उदय नाथ अधिकारीकी बुहारी, रबिन्द्रनाथ अधिकारीकी श्रीमती, चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०७ बस्ने, ना.प्र.न. ४२०५ (जारी मितिः २०४०/०८/०६ स्थान चितवन), भएकी **शान्ति अधिकारी।**

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
१. **रविन्द्र नाथ अधिकारी र जानुका अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०६ नक्सा सिट नं. ६क मा अवस्थित कि.नं. क्रमश १२६८, १०७८, १०११ र १०७६ को क्षेत्रफल क्रमश २०३.१८ (वर्ग मिटर), ०-१५-१०१/४, ०-१-५१/४ र ०-१-२ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०७ बस्ने **शान्ति अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०६ नक्सा सिट नं. ६क मा अवस्थित कि.नं. १२६९ को क्षेत्रफल १४८९.९७ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२ **ऋणीको नाम र ठेगानाको विवरण (पर्सा शाखा, चितवन)**

पद्मराज उप्रेतीको नाती, होमराज उप्रेतीको छोरा, चितवन जिल्ला, पिप्ले गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.न. २०५७/०४४ (जारी मितिः बि.सं. २०५९/०६/२० स्थान चितवन), भएको **बिजय राज उप्रेती।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

गोपाल रेग्मीकी छोरी, होमराज उप्रेतीकी बुहारी, बिजय राज उप्रेतीकी श्रीमती, चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.न. ३५-०१-७४-०७४८३ (जारी मितिः बि.सं. २०७४/०५/२५ स्थान चितवन), भएकी **शर्मिला रेग्मी उप्रेती।**

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
चितवन जिल्ला, पिप्ले गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ०१ बस्ने, **बिजय राज उप्रेती**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका चितवन जिल्ला, पिप्ले गा.वि.सं. वडा नं. ०६ (हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ०१) नक्सा सिट नं. ६ मा अवस्थित कि.नं. ८०६ र ५३२ को क्षेत्रफल १५०.१० र ४२.३३ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सवारी साधन धनीको विवरणः
ऋणी **बिजय राज उप्रेती** र यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बागमती प्रदेश ०३-००१ त २१५ भएको *John Deere Tractor.*

३ **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (पर्सा शाखा, चितवन)**

प्रादेशिक व्यापार तथा व्यवसाय रजिष्ट्रेशन ऐन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेशमा मिति २०७८/०७/२५ मा प्रा.फ.र.नं ६८७/२०७८/२०७९ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **सोफिया फेन्सी कलेक्सन।**
ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ०१।

ऋणी फर्मका प्रोप्राइटरः
राम नारायण पावेकी छोरी, हठना महतोकी बुहारी, रमेश चौधरीकी श्रीमती, चितवन जिल्ला वघौडा गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १७८९/०४४ (जारी मितिः २०६२/०६/०३ स्थान चितवन) भएकी **राधिका कुमारी पावे।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. लेडाई महतोको नाती, हठना महतोको छोरा, चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.न. ९१७७/०६२ (जारी मितिः २०६२/११/१७ स्थान चितवन), भएको **रमेश चौधरी।**
२. कानन महतोकी छोरी, लेडाई महतोकी बुहारी, हठना महतोकी श्रीमती, चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १५५२/०३४ (जारी मितिः २०५८/११/२२ स्थान चितवन) भएकी **विन्दा महतो।**

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ०१ बस्ने **विन्दा महतो**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका चितवन जिल्ला देवौली गा.वि.स. वडा नं. ०२ नक्सा सिट नं. २क मा अवस्थित कि.नं. ३५४८ को क्षेत्रफल ०-०-११-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४ **ऋणीको नाम र ठेगानाको विवरण (हेटौडा चिसापानी शाखा, मकवानपुर)**

सिंगविर डिम्डुङ को नाती, हर्षमान डिम्डुङको छोरा, मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ०८ बस्ने, ना.प्र.न. ४१/२७६३७ (जारी मितिः २०६२/०७/०९ स्थान मकवानपुर), भएको **चन्द्रमान डिम्डुङ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

संसर सिं वाइवाकी छोरी, हर्षमान डिम्डुङकी बुहारी, चन्द्रमान डिम्डुङकी श्रीमती, मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १५ बस्ने, ना.प्र.न. ३१-०१-७०-०२९८७ (जारी मितिः २०७०/०३/०९ स्थान मकवानपुर), भएकी **कान्छीमाया डिम्डुङ्ग।**

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
१. मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ०८ बस्ने, **चन्द्रमान डिम्डुङ** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका मकवानपुर जिल्ला, रातो माटे न.पा. वडा नं. ०९ नक्सा सिट नं. ९ मा अवस्थित कि.नं. १००८ को क्षेत्रफल ०-१-०-० बिघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. मकवानपुर जिल्ला, चुरीयामाई गा.वि.स. वडा नं. ०८ बस्ने, **चन्द्रमान डिम्डुङ** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका मकवानपुर जिल्ला, रातोमाटे न.पा. वडा नं. ०८ नक्सा सिट नं. ८ मा अवस्थित कि.नं. ५८९ को क्षेत्रफल ०-३-०-० बिघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## एट्लस बचत तथा ऋण सहकारी संस्था लि.
कुलेश्वर-१४, काठमाडौं। फोन नं. ५१६५१६५ / ५३७७१९२
को

### धितो लिलाम बिक्रि सम्बन्धी सिलबन्दी बोलपत्र आव्हान गरेको ३५ दिने सूचना

**(सूचना प्रकाशित मितिः २०८२/०२/२३)**

यस संस्थाबाट तपशिलमा उल्लिखित ऋणी सदस्यले कर्जा लिंदा गरेको लिखतको शर्त अनुसारको म्यादभित्र कर्जाको साँवा, ब्याज समेत नबुझाएको र कर्जाको साँवा, ब्याज समेतको रकम बुझाउन पटक पटक मौखिक, लिखित सूचना, प्रथम पटक मिति २०८१/०५/२५ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा तथा दोस्रो पटक मिति २०८१/१०/१४ गतेको "नागरिक" राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना प्रकाशित गर्दा समेत यस संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा र ब्याज रकम बुझाउन नआएको तथा तिरे बुझाएको प्रमाण पेश नगरेको हुँदा ऋणी सदस्यले कर्जा लिंदा उपलब्ध गराएको धितो सम्पति गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरी सहकारी ऐन, २०७४ को दफा ७९, सहकारी नियमावली, २०७५ को नियम ३० तथा संस्थाको विनियम बमोजिम असुल उपर गर्ने भएकोले धितोमा रहेको अचल सम्पति सकार गरिलिन इच्छुक महानुभावहरुले तपशिलको शर्त बन्देजको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्रको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण | असुल गर्नुपर्ने रकम साँवा ब्याज समेत मिति २०८२/०२/२३ सम्मको |
|---|---|---|
| ऋणीको नाम : **सुरेन्द्र मुनि तुलाधर**<br>ठेगाना : का.जि.का.म.न.पा. वडा नं. १८, नरदेवी।<br>बाबुको नाम : कपिल मुनि तुलाधर<br>बाजेको नाम : तेज मुनि तुलाधर | तेज मुनि तुलाधरको नाती कपिल मुनि तुलाधरको छोरा सुरेन्द्र मुनि तुलाधरको नाममा दर्ता रहेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १५ स्थित कि.नं. १०८ को क्षेत्रफल २००.७० व.मि. जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापतहरु समेत (सिट नं. १०२ १०६३ १६) | <br>**ऋणीः सुरेन्द्र मुनि तुलाधर**<br>रु. २,३०,९४,४२२।४० |

१. बोलपत्र आवेदन फारम यस संस्थाको कार्यालयबाट रु. ५००/- (रु. पाँच सय मात्र) पछि फिर्ता नहुने गरी तिरि संस्थाबाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र साथ आफूले कबुल गरेको रकमको कम्तीमा १०% रकम यस संस्थामा नगद दाखिला गरेको सक्कल भौचर वा यस संस्थाको नाममा खिचिएको कुनै बैंक तथा वित्तिय संस्थाको Good for Payment गरिएको चेक संलग्न गरिएको हुनुपर्नेछ, अन्यथा बोलपत्र अस्वीकृत हुनेछ।
३. बोलपत्र फारम मिति २०८२/०३/२७ गते शुक्रबार दिनको १:०० बजेसम्ममा बुझाइसक्नु पर्नेछ।
४. बोलपत्र फारम मिति २०८२/०३/२७ गते शुक्रबार दिनको २:०० बजेबाट खोलिनेछ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र बाँकी रकम यस संस्थामा जम्मा गरी दाखिला खारेज गरी आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। तोकिएको समयभित्र बाँकी रकम जम्मा नगरेमा धरौटी वापत जम्मा भएको रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएका आवेदकहरुको धरौटी रकम बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र फिर्ता भुक्तानी गरिनेछ र सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
६. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ। बोलपत्र स्वीकृत भई सोको सम्पूर्ण रकम भुक्तानी भए पश्चात उक्त जग्गा बोलपत्रवालाको नाममा रजिष्ट्रेशन दाखिला खारेज गरिनेछ। सो गर्दा लाग्ने सबै प्रकारका सरकारी शुल्क तथा दै-दस्तुर बोलपत्रवाला स्वयमले व्यहोर्नुपर्नेछ।
७. बिक्रि हुने सम्पतिको निरीक्षण, अवलोकन गर्नुपरेमा वा सो सम्पत्ति सम्बन्धि विस्तृत जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नुहोला।
८. रीत नपुगी, म्याद नाघि वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
९. लिलामी हुने दिनमा कुनै कारणले स्थगित गर्नु परेमा संस्थाले लिलाम कार्य स्थगित गरी पुनः समय तोकी संस्थाको सूचनापाटीमा प्रकाशित गरिनेछ।
१०. लिलामी हुने अन्तिम दिनसम्म पनि ऋणीले ऋण चुक्ता गर्न आएमा उक्त कार्य रोकिनेछ।
११. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु यसै सूचना बमोजिम लागु भएको मानिन्छ।
१२. लिलाम सम्बन्धमा थप कुनै जानकारी आवश्यक भएमा संस्थामा सम्पर्क राख्न सकिनेछ।

# कर्पोरेट संक्षिप्त

## नबिल बैंकको सिइओमा मनोज ज्ञवाली नियुक्त



**काठमाडौं/मस–** नबिल बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा मनोज ज्ञवाली नियुक्त भएका छन् । बिहिबार बैंकको सञ्चालक समितिको बैठकले ज्ञवालीलाई चार वर्षका लागि प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेको हो । यस अघि कायममुकायम सिइओको भूमिका निर्वाह गर्दै आएका ज्ञवाली बैंकिङ क्षेत्रमा स्पष्ट वक्ताका रुपमा चिनिन्छन् । उनले नेपाल राष्ट्र बैंक लगायत विभिन्न वाणिज्य बैंकको व्यवस्थापन तहमा नेतृत्वदायी भूमिकामा रही बैंकिङ क्षेत्रको अनुभव बटुली सकेका छन् ।

सीएसमेत रहेका ज्ञवालीसँग बैंकहरुको नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, ग्लोबल आइएमई बैंक, ग्लोबल आइएमई क्यापिटल र ज्योति विकास बैंकसहित पुँजीबजार तथा बैंकिङ क्षेत्रमा २६ वर्ष लामो अनुभव छ । ज्ञवालीको कुशल र सक्षम नेतृत्वमा आगामी दिनमा नबिल बैंकले विभिन्न वित्तीय सूचकांकहरूमा अग्रणी स्थान हासिल गर्दै थप उचाइ प्राप्त गर्ने आशा गरिएको छ । त्यस्तै सोही समितीले नायब महाप्रबन्धक आदर्श बजगाँइलाई नायव प्रमुख कार्यकारी अधिकृतमा बढुवा गरेको छ भने प्रमुख कानुन विभाग भिष्म न्यौपानेलाई कम्पनी सचिवको जिम्मेवारी दिएको छ । नबिलले २४ लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २ सय ६८ शाखा र ३ सय २० एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ । नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेलेको नबिल नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुंगाको रूपमा काम गर्दै आएको छ ।

## सिटिजन्स बैंकद्वारा ज्यापिड एपीआई बैंकिङ प्रणाली सुरु

**काठमाडौं/मस–** सिटिजन्स बैंकले नेपालमै पहिलो पटक गोकियो ल्यावससँगको सहकार्यमा व्यवसायिक बैंकिङलाई सरल, छिटो र सुरक्षित बनाउन डिजाइन गरिएको सुरक्षित एपीआई बैंकिङ प्लेटफर्म (ज्यापिड) सञ्चालनमा ल्याएको छ । यस सेवा अन्तर्गत प्रथम चरणमा, व्यवसायिक ग्राहकको सहमतिमा ज्यापिडले ग्राहकको ईआरपी प्रणालीहरूलाई बैंक खातासँग प्रत्यक्ष रूपमा जडान गर्न सक्नेछन् । दोस्रो चरणमा, ज्यापिड विश्वव्यापी मापदण्ड आईएसओ २००२२ तथा एमएफए र ओअथ२ जस्ता प्रविधिहरू प्रयोग गरी भुक्तानी प्रारम्भ गर्ने सुरक्षित एपीआई उपलब्ध गराउनेछ, जसमा भुक्तानी स्वीकृतिका लागि हस्ताक्षरकर्ता परिभाषित गर्न सकिने, क्यूआर कोड र कार्डमार्फत गरिएका कारोबारहरूको सेटलमेन्ट डेटाको विस्तृत भुक्तानी विवरण प्राप्त गर्न सकिने, अनलाइन खाता खोल्न सकिने, जस्ता सेवाहरू उपलब्ध हुने बैंकले जनाएको छ ।

## ग्लोबल आइएमई बैंकद्वारा इभि चार्जिङ स्टेशन सञ्चालन




**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंकले विश्व वातावरण दिवसको अवसर पारेर विद्युतीय सवारी साधन(इभी) चार्ज गर्न चार्जिङ स्टेशन स्थापना गरेको छ । बैंकको आफ्नो कर्पोरेट कार्यालय कमलादीमा उक्त चार्जिङ स्टेशन स्थापना गरेको हो ।

बिहिबार एक कार्यक्रमकाबिच बैंकका संचालक कृष्णप्रसाद शर्मा, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल र गाडी चार्ज प्रालिका प्रमुख कार्यकारी अधिकृत प्रेशा श्रेष्ठले समुक्त रुपमा चार्जिङ स्टेशनको समुद्घाटन गरे । गाडी चार्जसंगको सहकार्यमा बैंकले स्थापना गरेको सिसिटू सिगंल गनको ४० किलोवाट क्षमता रहेको छ । उक्त चार्जिङ स्टेशनमा बैंकमा सेवाको लागि आउने ग्राहक र बैंकको कर्मचारीहरुलाई आफ्नो इभी गाडी चार्ज गर्न व्यवस्था गरिएको छ । पछिल्लो समय विद्युतीय सवारी साधनको प्रयोगकर्ता बढेसंगै बैंकमा आउने ग्राहकहरुको सवारी साधनलाई लक्षित गरी बैंकले चार्जिङ स्टेशन सञ्चालनमा ल्याएको हो । बैंकका संचालक शर्माले बैंकले आफ्नो ग्राहकहरुको सुविधालाई मध्यनजर गरी वातावरण अनुकुल इभी सवारी साधनको प्रर्वद्धनको एक पहलको रुपमा चार्जिङ स्टेशनको स्थापना गरेको जानकारी दिए । साथै, बैंकले आफ्नो व्यवसाय विस्तारसंगै वातावरणमैत्री उपायहरु अवलम्बन गरिरहेको उल्लेख गरे ।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पोखरेलले ग्लोबल आइएमई बैंक वातावरण संरक्षण र उत्तरदायी बैंकप्रति प्रतिबद्ध रहेको बताए । उनले ग्लोबल आइएमई बैंकले आफ्नो १८औं वार्षिकोत्सव तथा विश्व वातावरण दिवसको अवसरमा १८ हजार विरुवा रोपण गरिरहेको बताउँदै बैंकले वातावरण मैत्री प्रोडक्टहरु ल्याएर वातावरण संरक्षण र जलवायु परिवर्तनको असर न्यूनीकरणमा काम गरिरहेको बताए । उनले ग्लोबल आइएमई बैंकले सञ्चालन गरेको इभि चार्जिङ स्टेशन अन्य बैंक तथा वित्तीय संस्थाहरुले समेत अबलक्बन गर्ने विश्वास व्यक्त गरे ।

## धनगढीमा दिगोको नयाँ शोरुम




**काठमाडौं/मस–** दिगो ग्रुपले पश्चिम नेपालमा आफ्नो उपस्थिति सुदृढ बनाउने उद्देश्यले धनगढीमा ख्वाजा ट्रेडर्सलाई अधिकारिक बिक्रेता नियुक्त गरेको छ । नयाँ शोरुमको उद्घाटनसँगै दिगोले सुदूरपश्चिम क्षेत्रका ग्राहकहरूलाई नयाँ विद्युतीय सवारीसाधनहरू सहज रूपमा उपलब्ध गराउने छ । उक्त शोरुममा दिगोले नेपालभर बिक्री वितरण गर्दै आएको डीएफएसके ब्रान्डअन्तर्गतका डीएफसीके डाँफे भ्यानको ११ सिट क्षमताको विद्युतीय मोडेलका साथै १४, १६ र १९ सिट क्षमताका माइक्रोबस हुनेछन् । दिगोका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सौरभ श्रेष्ठले धनगढीमा शोरुम खोल्न पाउँदा खुसी लागेको बताए । ख्वाजा ट्रेडर्सका सञ्चालक गुलाम रसुल अन्सारीले धनगढीका लागि यो अवसर विशेष रहेको बताए । दिगोको यो कदमसँगै सुदूरपश्चिम क्षेत्रका व्यवसायी, शैक्षिक संस्था, पर्यटन क्षेत्र, र सार्वजनिक यातायात क्षेत्रका लागि विद्युतीय सवारी साधनहरूमा लगानी गर्ने वातावरण झनै सहज हुने अपेक्षा गरिएको छ ।

# 'टेक एण्ड पे'मा मात्रै पीपीए गर्ने बजेटको व्यवस्था संशोधन नभए चरणबद्ध आन्दोलन गर्छौं: इप्पान

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ ।




स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले बजेटमार्फत प्रस्ताव गरिएको 'टेक एण्ड पे' खारेज नभए उर्जा क्षेत्र संकटमा जाने बताएको छ । बिहीबार इप्पानले कालो ब्यानर राखेर कार्यक्रम गरी 'टेक एण्ड पे' विरोध गरेका हुन् । आगामी आर्थिक वर्षको बजेटमा आएको नदी प्रवाहमा आधारित जलविद्युत आयोजनाको 'टेक एण्ड पे' प्रावधान अनुसार विद्युत खरिद सम्झौता गर्ने घोषणाका विरुद्ध ऊर्जा उत्पादकहरुले चरणबद्ध आन्दोलन गर्ने चेतावनी समेत दिए । नदी प्रवाहमा आधारित जलविद्युत आयोजनाको अनुमतिपत्र बाहक प्रवर्द्धकहरुको भेलामा उनीहरुले सरकारले उक्त बुँदा नसच्याए चरणबद्ध आन्दोलन अघि बढाउँदै 'बल्याकआउट'सम्म गर्ने चेतावनी दिएका हुन् ।

इप्पानका अध्यक्ष गणेश कार्कीले बजेटको एउटा बुँदामा आएको एउटा सानो वाक्यले १७ हजार मेगावाट क्षमताका आयोजनाको भविष्य नै अन्यौलमा परेको बताए । उनले 'टेक एण्ड पे' लागु गरिए ६६ अर्ब रुपैयाँ भन्दा बढी लगानी जोखिम पर्ने उल्लेख गरे ।

'अर्थमन्त्री, ऊर्जामन्त्री, ऊर्जा सचिव र नेपाल विद्युत प्राधिकरणका कार्यकारी प्रमुखले 'टेक एण्ड पे' को विषय बजेटमा कसरी आयो भन्नेमा आफूलाई जानकारी नै नभएको भन्नु भएको छ । आधिकारीक निकायबाट प्रस्ताव नगए पनि पावर र पहुँचको आधारमा मौखिक प्रस्तावमै ऊर्जा क्षेत्रलाई सिध्याउने कुरा बजेटमा राखिएको छ । यो प्रस्ताव नसच्चिए ऊर्जा क्षेत्र समाप्त हुन्छ । क्षेत्र सकिए ऊर्जा उत्पादकहरु पनि सकिन्छन् । उत्पादकहरु यात झुण्डिन तयार हुनुपर्ने भयो या त आन्दोलन गर्न तयार हुनुपर्ने भयो ।' उनले भने । इप्पानका वरिष्ठ उपाध्यक्ष मोहन कुमार डाँगीले पहिले कार्पेट उद्योग फस्टाउँदा त्यसलाई जसरी सिध्याए अहिले ऊर्जा क्षेत्रलाई पनि त्यसैगरी सिध्याउने खेल सुरु भएको बताए ।

'यो रातारात आएको कुरा होइन । प्रवर्द्धकको ३३ प्रतिशत सेयर लक गर्ने, आयोजनाले बत्ती नबाली आइपीओ ल्याउन नदिने, सर्वोच्चको एउटा फैसलाबाट २० हजार मेगावाटका आयोजना बन्न नदिने र अहिले टेक एण्ड पे भनेर अर्को १७ हजार मेगावाटका आयोजना पनि बन्न नदिने योजनाबद्ध चाल चलिरहेका छन् । यसका लागि कडाभन्दा कडा आन्दोलन भन्दा अर्को विकल्प छैन ।' उनले भने ।

इप्पानका महासचिव बलराम खतिवडाले इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीको नेतृत्वमा संघर्ष समिति बनाइ संघर्षका कार्यक्रमहरुको मोडालिटी बनाइने बताए ।

इप्पानका उपमहासचिव प्रकाश दुलालले टेक एण्ड पे प्रावधान भन्दा खतरनाक कुरा विद्युत ऐनमा राखेर ऐन ल्याउन लागिएको भन्दै ऐन आएको भोलिपल्टबाट यो क्षेत्रका उद्यमीहरु भाग्नुपर्ने अवस्था आउने भन्दै विद्युत ऐनमा निजी क्षेत्रका सवालहरु के कति समेटिँदैछन् त्यतातर्फ ध्यान दिनुपर्ने बताए । यस्तै प्रवर्द्धकहरुले विद्युत ऐन भन्दा जलस्रोत ऐन झनै खतरनाक रहेको बताएका थिए । पानी उपयोगका सम्बन्धमा सम्बन्धित गाउँठाउँका सतप्रतिशत मानिसहरुको सहमति लिनुपर्ने भनी व्यवस्था गरेकोले त्यो सम्भव नहुने भएकाले जलविद्युत आयोजना बन्नै नसक्ने उनीहरुको भनाई थियो ।

# मकवानपुरगढी–५ मा इन्द्रेणी मसरुम फार्मको नयाँ युनिटको शिलान्यास

**मकवानपुरगढी/मस–** इन्द्रेणी मसरुम फार्म लिमिटेडले मकवानपुरगढी गाउँपालिका–५, कालिवन सामरीमा नयाँ युनिटको शिलान्यास गरेको छ । बागमती प्रदेशका कृषि तथा पशुपन्छीमन्त्री प्रकाश श्रेष्ठले शिलान्यास गरेको यो युनिट कम्पनीको दोस्रो शाखा हो । शिलान्यास समारोहलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले सामरीमा नयाँ युनिट सञ्चालन गर्न लागेकोमा फार्मलाई बधाई तथा शुभकामना व्यक्त गरे । उनले बागमती प्रदेशमा झन्डै ६ लाख किसान सूचीकरण भएको जानकारी दिए । किसानहरुको सूचीकरण, वर्गीकरण तथा किसानहरुको पहिचान गर्ने काम अन्तिम चरणमा पुगेको उनले बताए । उनले जीविकोपार्जनका लागि मात्र नभएर व्यावसायिकरुपमा कृषि व्यवसाय गरेर कृषि उपजहरु विदेशमा निर्यात गर्नसक्ने गरी अघि बढ्नुपर्नेमा जोड दिए । बागमती प्रदेशका प्रदेशसभा सदस्य केशव पोखरेलले पनि सामरी युनिट सञ्चालन गर्न लागेकोमा फार्मलाई बधाई तथा शुभकामना दिए । उनले मकवानपुरगढी वडा नं. ५ मा यति ठूलो उद्योग आएर यहाँका स्थानीयहरुलाई जोड्न सक्नु ठूलो उपलब्धि भएको उल्लेख गरे ।

प्रदेशसभा सदस्य विन्दु श्रेष्ठले फार्मले च्याउमात्र नभएर च्याउबाट अचार, सुप, मललगायतका सामग्री पनि उत्पादन गरेर समग्र कृषि क्षेत्रलाई नै योगदान पुऱ्याउने उद्देश्यले सामरी युनिट सञ्चालन गर्न लागिएकोमा खुसी व्यक्त गरिन् ।

मकवानपुरगढी गाउँपालिका वडा नं. ५ का अध्यक्ष दिपेश दाहालले इन्देणी मसरुम फार्मको सामरी युनिट सञ्चालन हुँदा ५ नम्बर वडाको आर्थिक अवस्था, स्थानीयलाई रोजगारीका साथै अन्य धेरै विषयमा लाभ पुग्ने बताए ।

इन्द्रेणी मसरुम फार्म लिमिटेडले आफ्नो योजना २०७१ सालमा काठमाडौंको बलम्बुका किसानहरुको सहकार्यमा चित्लाङमा सुरुवात गरेको थियो । नेपालमै पहिलोपटक नयाँ प्रविधिबाट कम्पोष्ट उत्पादन, वातावरण नियन्त्रण प्रणालीको प्रयोग तथा औद्योगिक च्याउ खेतीको सुरुवात गर्ने संस्थाका रुपमा चिनिएको यो फार्मले सामरी युनिटमा अझै अत्याधुनिक प्रविधिहरु समावेश गर्दै छ ।

शिलान्यास समारोहमा फार्मका अध्यक्ष महर्जनले फार्मको लक्ष्य नेपाललाई च्याउमा आतमनिर्भर बनाएर सहज तथा सुलभ मूल्यमा च्याउ बजारमा उपलब्ध गराउने रहेको बताए । नयाँ युनिटमा वातावरण नियन्त्रण प्रणाली मोबाइल वा कम्प्युटरमार्फत सञ्चालन गर्न मिल्ने अध्यक्ष महर्जनले जानकारी दिए । फार्मले कम्पोष्ट प्लान्टमा आधुनिक उपकरणहरु प्रयोग गरी उत्पादन लागत घटाउने र उत्पादन क्षमता बढाउने लक्ष्य लिएको अध्यक्ष महर्जनले बताए । सामरी युनिटका लागि ४४ कट्ठा जग्गा खरिद भइसकेको




उनले उल्लेख गरे । आगामी भदौ महिनाभित्र कम्पोष्ट प्लान्ट निर्माण सम्पन्न गरी कात्तिक महिनाभित्र उत्पादन कक्षसमेत निर्माण सम्पन्न गरिने अध्यक्ष महर्जनको भनाइ छ ।

चालु आर्थिक वर्षमा १५ करोड रुपैयाँ लगानी गरिने तथा आगामी आर्थिक वर्षमा थप ९ करोड रुपैयाँ लगानी गरिने फार्मले जनाएको छ ।

सामरी युनिटबाट सुरुमा दैनिक १ हजार किलो च्याउ उत्पादन गर्ने लक्ष्य लिइएको छ भने दोस्रो चरणमा ३ हजार किलोसम्म विस्तार गर्ने लक्ष्य रहेको फार्मले बताएको छ । उत्पादन वृद्धि भएपछि चित्लाङ युनिटलाई समेत आवश्यक कम्पोष्ट मल यहींबाट आपूर्ति गरिनेछ । च्याउ फार्मको आफ्नै ब्रान्डमार्फत उत्पादन बजारमा पठाइनेछ । साथै तयारी कम्पोष्ट मल, बीउ, सुप, अचार उत्पादन तथा बिक्री गर्ने समेत फार्मको लक्ष्य रहेको छ । साथै फार्मले निकट भविष्यमा सर्वसाधारणका लागि सेयर अर्थात आईपीओ जारी गर्ने तयारी गरेको छ । फार्मका अध्यक्ष महर्जनको अध्यक्षतामा भएको शिलान्यास समारोहमा बागमती प्रदेशका सांसदद्वय केशव पोखरेल र विन्दु श्रेष्ठ, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान र उपाध्यक्ष मानकुमारी पाखिन नेपाली, कृषि मन्त्रालयका सचिव बैकुण्ठ अधिकारी, वडाध्यक्षहरु, च्याउ वैज्ञानिकहरु डा महेशकुमार अधिकारी, कृषि विकास निर्देशनालय र बैंक तथा सहकारीका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।


NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**
**(प्रकाशित मिति २०८२/०२/२३)**

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाण्डौ नेपाल पोष्ट बक्स न ३४१२
फोन न ५३२८२२९, ५३४२५३०
इमेल info@nimb.com.np
वेबसाइट www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, व्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोप्राइटर/शेयरधनि/सचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | क्र.सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण |
|---|---|---|---|
| १. | **ऋणी : कपिन्द्र कुमार श्रेष्ठ र तिलक बहादुर श्रेष्ठ (धितो कर्जा) -शाखा कार्यालय न्यूरोड**, ठेगाना : नयाँ बजार वडा न. १६, काठमाडौं<br>१. **कपिन्द्र कुमार श्रेष्ठ** (ना.प्र.न. ८१०६, मिति २०५२/०४/०९ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको) बाबु : तिलक बहादुर श्रेष्ठ, बाजे : पूर्णमान श्रेष्ठ<br>२. **तिलक बहादुर श्रेष्ठ** (ना.प्र.न. १२/११८/०३४/३६, मिति २०३४/१०/०४ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको) बाबु: पूर्णमान श्रेष्ठ, बाजे: लाल बहादुर श्रेष्ठ<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**लक्ष्मी श्रेष्ठ** (ना.प्र.न. २/२३६३, मिति २०५९/०६/०२ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको) पति: कपिन्द्र कुमार श्रेष्ठ, ससुरा : तिलक बहादुर श्रेष्ठ | २. | **ऋणी : बल बहादुर थापा र नरेश बहादुर थापा (व्यक्तिगत कर्जा) -शाखा कार्यालय : बिर्तामोड** , ठेगाना : अर्जुनधारा ०६, झापा<br>१. **बल बहादुर थापा** (ना.प्र.न. ६११, मिति २०६३/०८/२५ मा जि.प्र.का. पाँचथरबाट जारी भएको)<br>बाबु : मेघ बहादुर थापा, बाजे : पूर्ण बहादुर थापा<br>२. **नरेश बहादुर थापा** (ना.प्र.न. ०४-०१-६९-०२००१, मिति २०६९/०२/२२ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : मेघ बहादुर थापा, बाजे : पूर्ण बहादुर थापा<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**मेघ बहादुर थापा** (ना.प्र.न. ४६०/२६९८, मिति २०४६/०३/०७ मा जि.प्र.का. पाँचथरबाट जारी भएको)<br>बाबु : पूर्ण बहादुर थापा, बाजे : मकर जुन थापा |
| ३. | **ऋणी : चिन्ता चौधरी (आवास कर्जा) -शाखा कार्यालय : इटहरी,** ठेगाना : इटहरी ०८, सुनसरी (ना.प्र.न. १०७८८०/२०७८८०, मिति २०६२/१२/२२ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), पति : सनजित चौधरी, ससुरा : बलराम चौधरी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **सुजना चौधरी -जमानीकर्ता** (ना.प्र.न. ०६-०१-७०-०५३६५, मिति २०७०/०५/०४ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), पति: सुदिप चौधरी, ससुरा: सजित चौधरी<br>२. **कोपिला चौधरी -जमानीकर्ता** (ना.प्र.न. ०६-०१-६९-११३७८, मिति २०६९/११/०९ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), पति: दिपक चौधरी, ससुरा: सजित चौधरी<br>३. **सुदिप चौधरी -जमानीकर्ता** (ना.प्र.न. ०६१००५/१४९३८४, मिति २०६७/०२/०६ मा जि.प्र.का सुनसरीबाट जारी भएको), बाबु: सजित चौधरी, बाजे: बलराम चौधरी | ४. | **ऋणी : गुन्जमान सिंह बस्नेत (व्यक्तिगत अधिविकर्ष कर्जा) -शाखा कार्यालय: लाजिम्पाट**, ठेगाना : सेतीदेवी ०३, काठमाडौं (ना.प्र.न. ३६४०, मिति २०४५/०१/३० मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>बाबु : सुरेन्द्र बहादुर बस्नेत, बाजे : जगत बहादुर बस्नेत<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**मैया बस्नेत** (ना.प्र.न. ३४३५, मिति २०५३/०८/०२ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), पति: गुन्जमान सिंह बस्नेत, ससुरा : सुरेन्द्र बहादुर बस्नेत |
| ५. | **ऋणी : बि.एच.टि आइरन डिपो प्रा.लि.(विविध कर्जा) -शाखा कार्यालय : विराटनगर,** दर्ता न. : २२४४९४/०७६/०७७ , ठेगाना : इटहरी ०५, सुनसरी<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ता :**<br>१. **सविता दहाल -शेयरधनी/जमानीकर्ता** (ना.प्र.न. ३१९९७/३३९९७, मिति २०५२/०९/१६ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>पति: भोला प्रसाद निरौला, ससुरा: टिकादत्त निरौला<br>२. **हेमा चौहान -शेयरधनी/जमानीकर्ता** (ना.प्र.न. १६५९८/७००७/०४४, मिति २०५८/०६/२२ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>पति : अम्बर बहादुर राउत, ससुरा : राम नारायण राउत<br>३. **सुस्मिता कार्की -शेयरधनी/जमानीकर्ता** (ना.प्र.न. ०६-०१-७०-०३२८६, मिति २०७०/०३/१२ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>पति: तारा बहादुर कटवाल, ससुरा: कोमल बहादुर कटवाल<br>४. **तारा बहादुर कटवाल -जमानीकर्ता** (ना.प्र.न. ६२८३५/६३८३५, मिति २०५८/०६/०१ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : कोमल बहादुर कटवाल, बाजे : चन्द्र बहादुर कटवाल<br>५. **भोला प्रसाद निरौला -जमानीकर्ता** (ना.प्र.न. ५८७३, मिति २०३९/१०/२५ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : टिकादत्त निरौला, बाजे : पुष्पलाल निरौला | ६. | **ऋणीहरु : मन्जु बम्जन मुक्तान र अमृत माया मुक्तान (धितो कर्जा) -शाखा कार्यालय: सिन्धुली**, ठेगाना : कमलामाई न.पा. २, सिन्धुली<br>(क) **मन्जु बम्जन मुक्तान** (ना.प्र.न. २०१०२७/२४५, मिति २०६७/१०/१८ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>पति : चख लाल मुक्तान , ससुरा : रत्न बहादुर मुक्तान<br>(ख) **अमृत माया मुक्तान** (ना.प्र.न. १७६३, मिति २०४५/०१/०९ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>पति : रत्न बहादुर मुक्तान, ससुरा : मानवीर तामाङ<br>**व्यक्तिगत जमानीकर्ता :**<br>१. **रत्न बहादुर तामाङ -जमानीकर्ता** (ना.प्र.नं. १९५०, मिति २०४६/०४/२७ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>बाबु : मानवीर तामाङ, बाजे : गुमान सिं तामाङ<br>२. **चंख लाल मुक्तान -जमानीकर्ता** (ना.प्र.न. २०२०१०२७/२४०, मिति २०६७/१०/१७ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको)<br>बाबु : रत्न बहादुर मुक्तान, बाजे : मानवीर तामाङ |



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**